# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १३० | काठमाडौं | सोमबार, १५ भदौ २०८३ | Prabhab National Daily | Monday, 31 August 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-




भोटेकोशी नदीमा आएको बाढीपछि बेपत्ता भएकाको पहिचान तथा खोजीका लागि काठमाडौंस्थित शिक्षण अस्पताल पुगेका आफन्तजन । बेपत्ता परिवारका सदस्यहरू आफ्ना मानिसको खोजी, उद्धार र पहिचानको आशामा अस्पताल परिसरमा पर्खिरहेका छन् । *तस्बिरः रासस*

# सुरूङमा उद्धारको प्रयास तीव्र, चिलिमेमा भेटिए दुई शव

- जलविद्युत् आयोजनाका सुरूङमा उद्धार कार्य जारी
- चिलिमे जलविद्युत्को सुरूङबाट दुई जनाको शव निकालिए
- नेपाली, भारतीय र चिनियाँ टोली आधुनिक उपकरणसहित उद्धारमा
- रसुवा-नुवाकोटका विभिन्न सुरूङमा अझै सयौं फसेको अनुमान
- उद्धारमा ढिलाइप्रति आफन्त र राजनीतिक दलको गुनासो

■ **जेबी योञ्जन**

**काठमाडौं–** गत बुधबार रसुवाको भोटेकोशी हुँदै त्रिशूलीमा आएको विनाशकारी बाढीको पाँच दिनपछि मात्रै जलविद्युत् आयोजनाको सुरुङभित्र उद्धार कार्यले गति लिएको छ ।

**कुन आयोजनामा कति फसे ?**

| जलविद्युत् आयोजना | सुरुङमा फसेकाको अनुमानित संख्या (उद्धार गरिएकाबाहेक) |
|---|---|
| माथिल्लो त्रिशूली-१ (रसुवा) | ३०० जना |
| रसुवागढी (रसुवा) | ९३ जना |
| लाङटाङ खोला (रसुवा) | २५ जना |
| चिलिमे (रसुवा) | ८ जना |
| मैलुङ खोला (रसुवा) | ७ जना |
| रसुवा-भोटेकोशी (रसुवा) | ४ जना |
| माथिल्लो त्रिशूली-३ 'बी' (नुवाकोट) | १११ जना |
| माथिल्लो त्रिशूली-३ 'ए' (नुवाकोट) | ४२ जना |
| मिडल त्रिशूली गंगा (नुवाकोट) | २ जना |
| त्रिशूली (नुवाकोट) | १ जना |
| देवीघाट (नुवाकोट) | १ जना |

*स्रोतः इप्पान*

सुरुङभित्र फसेकाहरूलाई जीवितै उद्धार गर्ने आशाविपरीत शव फेला पर्न थालेको छ ।

भीषण बाढी आएको पाँचौं दिन आइतबार नेपाली, चिनियाँ र भारतीय उद्धार टोलीले गरेको उद्धारको क्रममा चिलिमे जलविद्युत् आयोजनाको सुरुङबाट दुईवटा शव फेला परेका हुन् । टोलीले अत्याधुनिक उपकरणको सहायताले सुरुङभित्र लेदो तथा भग्नावशेष पन्छाउँदै गरेको खोजीका क्रममा उक्त मानव अवशेष फेला परेको हो । नेपाली सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेतले २५० मिटर लामो सुरुङमा संयुक्त टोली १०० मिटर भित्रसम्म पुगेको र सोही क्रममा दुईवटा शव निकालिएको पुष्टि गरेका छन् ।

उनले प्रभावसँग भने, '२५० मिटर लामो सुरुङमा संयुक्त टोली १०० मिटर भित्रसम्म पुग्यो, त्यहाँसम्म जीवित व्यक्तिहरू फेला पार्न सकेनौं । दुईवटा शव फेला पार्‍यौं ।' बाढी गएको दुई दिनसम्म पनि स्वदेशी जनशक्ति र सीमित स्रोतसाधनले सुरुङभित्र छिर्न नसकेपछि सरकारले विदेशी सहायताको माग गरेको थियो ।

क्रमशः पृष्ठ २ मा

# बाढीले बगर बन्यो रसुवा र नुवाकोटका बस्ती

## करिब १५०० घर बगाए, पुनर्स्थापनाका लागि सरकारसँग छैन योजना



*तस्बिरः रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** गत बुधबार चीन-नेपाल सीमाबाट सुरु भएको बाढीले रसुवा भन्सार कार्यालय हुँदै नुवाकोट, धादिङका व्यापारिक बस्तीलाई बगर बनाइदिएको छ । बाढीले चीन-नेपालको प्रमुख व्यापारिक नाकामात्र हैन, मनसरोबरदेखि लाङटाङ जाने धार्मिक र पर्यटकीय रुटसँगै पाँच जिल्लाको हाइवे लाइफलाइनलाई पनि ठप्प पारेको छ ।

रसुवा बाढीले भोटेकोशी नदी क्षेत्रमा रहेका सातवटा जलविद्युत् आयोजनामा ठूलो क्षति पुगेको छ भने ठूलो संख्यामा निजी घरहरू पनि ठूलो संख्यामा बगाएको छ । यो बाढीबाट कति अहिलेसम्म भएको मानवीय क्षति र भौतिक क्षतिको पूर्णविवरण आइसकेको छैन । तर प्रारम्भिक आकलनमा रसुवा र नुवाकोटमा धेरै क्षति पुगेको छ ।

रसुवाको गोसाइँकुण्ड गाउँपालिका, उत्तरगया गाउँपालिका, नुवाकोटको विदुर नगरपालिका र बेलकोटगढी गाउँपालिकाका धेरैजसो भूभागका करिब एक हजार ५०० घर बाढीले बगाएको प्रारम्भिक अनुमान छ । यी स्थानमा छ हजारभन्दा बढी जनसंख्या रहेको स्थानीय तहको तथ्यांकमा उल्लेख छ ।

### सरकारसँग छैन तथ्यांक

बाढी गएको पाँच दिन नाघ्दा पनि सरकार भने उद्धारमै सीमित छ ।

क्रमशः पृष्ठ २ मा

पुरानै ठाउँमा राख्नु भनेको 'सुसाइट एरिया'मा राख्नु हो । दीर्घकालीर्न कहाँ कसरी राख्ने यहाँ छलफल गर्नुपर्छ । यसका लागि संघीय सरकारदेखि सबैसँग छलफल गरेर निर्णय लिन्छौं ।

■ **कैसाङनुर्पु तामाङ**
अध्यक्ष, गोसाइँकुण्ड गाउँपालिका

अहिले हामी रेस्क्युमै लागिरहेका छौं । क्षतिको विवरण पूर्ण आएपछि बल्ल पुनर्वासको लागि तयारी गर्छौं । यो भयानक बाढीले धेरै ठाउँमा क्षति पुर्‍याएको छ । हामीले आकलन नै गर्न नसक्ने भएको छ ।

■ **डा. प्रकाश पोखरेल**
भूगर्भविद

पूर्वदेखि पश्चिमसम्मै हिमाली क्षेत्रमा मानव बस्ती नभएकोले यी क्षेत्रमा ड्रोनबाट नियमित मनिटरिङ गर्नुपर्छ । यसका लागि छिमेकी शक्तिहरूसँग मिलेर ग्लासियरको डेटा पनि लिनुपर्छ । क्रस बोर्डर नलेज पनि सेयर गर्नुपर्छ । पुरानै क्षेत्रमा बसोबास गर्न दिनुहुन्न ।

■ **युगिन मानन्धर**
इञ्जिनियर

**सन्दर्भः वैदेशिक रोजगार**

# मलेसिया रोजगारीमा लागू गरिएको एकाधिकारविरूद्ध संघको खबरदारी निरन्तर

■ **ममता थापा**

**काठमाडौं–** मलेसियाको श्रमिक भर्ना प्रक्रियामा लागू गरिएको एकाधिकार (सिण्डिकेट)विरुद्ध संघर्षरत नेपाल वैदेशिक रोजगार व्यवसायी संघले 'फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम' (एफडब्लुसिएमएस)मार्फत एकाधिकार ल्याउने व्यवस्था स्वीकार्य नहुने दोहोर्‍याएको छ । आइतबार पुनः प्रेस विज्ञप्ति जारी गर्दै संघले एफडब्लुसिएमएस नामक निजी संस्थामार्फत अन्य इजाजतपत्र प्राप्त संस्थालाई श्रमबजार प्रवेशमा रोक लगाउने प्रयास स्वीकार्य नभएको जनाएको हो ।

सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त गरेका सबै व्यवसायी संस्थाले समान अवसर पाउनुपर्ने संघको माग छ । संघका अध्यक्ष डिकबहादुर खत्री र महासचिव हिराबहादुर डाँगीले जारी गरेको संयुक्त विज्ञप्तिमा श्रम गन्तव्य मुलुकले स्रोत मुलुकसँगको सहमति र नीतिगत आधारविना कुनै पनि व्यवस्था लागू गर्नु नेपालको कानुनविपरीत भएको दाबी गरिएको छ । नेपालको संविधानको धारा ५१ (घ) (४) ले आर्थिक क्षेत्रमा निष्पक्षता, जवाफदेहिता र प्रतिस्पर्धा कायम गर्ने नीति अवलम्बन...

क्रमशः पृष्ठ २ मा




## समूह बनाउने कसरतमा २५ व्यवसायी

मलेसियाको एफडब्लुसिएमएसमा सूचीकृत भएका नेपालका २५ व्यवसायीहरू अन्य व्यवसायीलाई प्रलोभनमा पार्ने चलखेलमा लागेको आरोप लगाइएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तृतीय उपाध्यक्ष तथा सिण्डिकेटविरुद्ध संघर्ष समितिका संयोजक लक्ष्मण पौडेलले हरेक व्यवसायीले १०-१० जनाको समूह बनाएर व्यवसायीमा विभाजन ल्याउने खेल खेलिरहेको दाबी गरे ।

'२५ व्यवसायीले फोन गर्दै १०-१० जनाको समूह बनाउने र कुन समूहमा बस्ने भन्दै व्यवसायीलाई प्रलोभन देखाइरहेका छन्,' उनले भने, '२५० व्यवसायीलाई आफ्नो ग्रुपमा राखेर हाम्रो आन्दोलनलाई तुहाउने काम गर्दै छन् । तर नेपालमा एक त सरकारले लागू हुन दिन्न, अर्को सबै व्यवसायी सबै मुलुकमा काम गर्छन् ।' नेपालमा एकाधिकार आए रोजगारीमा जाने श्रमिकले सातदेखि आठ लाख तिरेर मलेसिया जानपर्ने अवस्था आउने भएकाले कुनै पनि हालतमा लागू हुन नदिने उनले बताए ।

क्रमशः पृष्ठ २ मा


# प्रेस विज्ञप्ति

मलेसियाको श्रमिक भर्ना प्रक्रियामा **FWCMS** मार्फत प्रस्तावित एकाधिकार र असमान व्यवस्था स्वीकार्य छैन । मलेसिया नेपाली श्रमिकका लागि लामो समयदेखि प्रमुख तथा आकर्षक वैदेशिक रोजगार गन्तव्य मुलुकका रूपमा रहँदै आएको छ । नेपाल र मलेसियाबीच स्थापित कूटनीतिक सम्बन्ध, श्रम सम्बन्ध तथा दुई देशबीच भएका श्रमसम्बन्धी समझदारी र सम्झौताहरूको मूल भावना पारदर्शिता, समानता, निष्पक्षता र पारस्परिक सहकार्यमा आधारित हुनुपर्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको स्पष्ट धारणा रहेको छ । तर, मलेसियामा नेपाली श्रमिकको भर्ना प्रक्रियामा **FWCMS** नामक निजी संस्थामार्फत सीमित संख्याका वैदेशिक रोजगार व्यवसायी संस्थालाई मात्र सूचीकृत गरी अन्य इजाजतपत्र प्राप्त संस्थाहरूलाई प्रक्रियाबाट बाहिर राख्ने वा बजारमा प्रवेशमा प्रतिबन्ध लगाउने प्रयास भइरहेको विषयप्रति संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाल सरकारबाट समान प्रकृतिको वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न कानुनी रूपमा इजाजतपत्र प्राप्त गरेका सबै व्यवसायी संस्थाको समान अधिकार र समान अवसरको सम्मान हुनुपर्ने संघको स्पष्ट मान्यता छ । कुनै निजी संस्था वा श्रम गन्तव्य मुलुकको कुनै प्रणाली वा संयन्त्रले नेपाल सरकार, सम्बन्धित सरकारी निकाय तथा वैदेशिक रोजगार व्यवसायीहरूको सहमति र स्पष्ट नीतिगत आधारबिना सीमित संस्थालाई मात्र अवसर प्रदान गर्ने व्यवस्था लागू गर्नु निष्पक्ष प्रतिस्पर्धा, समान अवसर र नेपालको कानुनी व्यवस्थाको मर्मविपरीत हुने संघको ठहर छ। नेपालको संविधानको धारा ५१ (घ) (४) ले आर्थिक क्षेत्रमा निष्पक्षता, जवाफदेहिता र प्रतिस्पर्धा कायम गर्ने नीति अवलम्बन गर्ने तथा धारा ५१ (घ) (७) ले कालोबजारी, एकाधिकार, कृत्रिम अभाव तथा प्रतिस्पर्धा सीमित गर्ने गतिविधिको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउने राज्यको नीति स्पष्ट गरेको छ । त्यसैगरी, प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण ऐन, २०६३ को दफा ३ ले प्रतिस्पर्धा सीमित वा नियन्त्रण गर्ने सम्झौता तथा बजार प्रवेश रोक्ने अभ्यासलाई निषेध गरेको छ । दफा ४ ले प्रभुत्वशाली हैसियतको दुरुपयोग गर्न नहुने व्यवस्था गरेको छ भने दफा ७ ले एकलौटी कारोबार र दफा ८ ले बजार सीमित गर्ने कार्यलाई निषेध गरेको छ । यस कानुनी तथा नीतिगत व्यवस्थाको भावना विपरीत **FWCMS** मा हाल सूचीकृत २५ वटा संस्था मात्रलाई प्राथमिकता दिने होस् वा भविष्यमा २५० वटा संस्था सूचीकृत गर्ने प्रपञ्च रचिएको विषय होस्, यदि त्यसले नेपाल सरकारबाट समान प्रकृतिको इजाजतपत्र प्राप्त अन्य वैदेशिक रोजगार व्यवसायी संस्थालाई प्रतिस्पर्धाबाट बाहिर राख्ने, बजारमा प्रवेश रोक्ने वा कुनै निश्चित निजी संयन्त्रमा निर्भर हुन बाध्य बनाउने अवस्था सिर्जना गर्छ भने त्यस्तो व्यवस्था संख्या परिवर्तन हुँदैमा न्यायोचित वा स्वीकार्य हुन नसक्ने संघको धारणा रहेको छ । नेपाल एक सार्वभौम राष्ट्र हो । नेपालको वैदेशिक रोजगार क्षेत्रसँग सम्बन्धित कुनै पनि प्रणाली, प्रक्रिया वा सेवा व्यवस्था नेपालको प्रचलित कानुन, दुई देशबीचको श्रम सम्झौता तथा सरकारी तहमा भएको सहमतिको अधीनमा रही मात्र कार्यान्वयन हुनुपर्ने संघको स्पष्ट मान्यता छ । साथै, श्रमिकलाई अनावश्यक आर्थिक भार पर्ने, भर्ना प्रक्रियालाई जटिल बनाउने वा कुनै निजी संस्था वा सीमित समूहको आर्थिक हितलाई प्राथमिकता दिने प्रणाली स्वीकार गर्न नेपाल बाध्य हुनुपर्ने अवस्था नरहेको संघ स्पष्ट गर्दछ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कुनै पनि प्रविधि वा डिजिटल प्रणालीको विरोधमा छैन । संघको आपत्ति प्रविधिको प्रयोगमा नभई त्यसको नाममा एकाधिकार, असमान पहुँच, सीमित संस्थाको पक्षपोषण, बजार नियन्त्रण तथा श्रमिक र व्यवसायीमाथि अनावश्यक आर्थिक भार सिर्जना गर्ने सम्भावित व्यवस्थाप्रति हो । प्रविधि पारदर्शी, सबैका लागि समान पहुँचयोग्य, प्रतिस्पर्धात्मक र दुई देशका सरकारको सहमतिमा आधारित हुनुपर्छ । तसर्थः नेपाल सरकार, विशेषगरी युवा, श्रम तथा रोजगार मन्त्रालय, परराष्ट्र मन्त्रालय तथा सम्बन्धित सरकारी निकायहरूलाई यस विषयमा गम्भीर कूटनीतिक पहल गरी मलेसिया सरकारसँग आवश्यक संवाद तथा वार्ता अगाडि बढाउन संघ हार्दिक आग्रह गर्दछ । साथै, दुई देशका सरकार तथा सम्बन्धित सरोकारवालाबीच पारदर्शी, समान, प्रतिस्पर्धात्मक र पारस्परिक सहमतिमा आधारित श्रमिक भर्ना प्रणाली विकास गरी कुनै पनि प्रकारको एकाधिकार वा असमान व्यवस्था अन्त्य गर्न नेपाल सरकारले प्रभावकारी कूटनीतिक पहल गर्नुपर्ने संघको माग रहेको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघ स्पष्ट रूपमा दोहोर्‍याउन चाहन्छ– समान प्रकृतिको इजाजतपत्र प्राप्त सबै व्यवसायीका लागि समान अवसर, श्रमिकका लागि सुरक्षित र न्यून लागतको भर्ना प्रक्रिया तथा दुई देशबीचको सहमतिमा आधारित पारदर्शी प्रणाली नै नेपालको वैदेशिक रोजगार क्षेत्रको मूल आधार हुनुपर्छ । संघ यस विषयमा नेपाल सरकार, मलेसिया सरकार, सम्बन्धित रोजगारदाता तथा व्यवसायी संघसंस्थासँग रचनात्मक संवाद र सहकार्यका लागि सदैव तयार रहेको जानकारी गराउँदछ ।

**हिरा बहादुर डाँगी (हरि)**
महासचिव

**डिक बहादुर खत्री (कुमार)**
अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल -७, काठमाडौं, फोन नं. ०१-४५२०२६९/४५२४४१८

पृष्ठ १ बाट क्रमशः

## बाढीले बगर...

स्रोतसाधनको सीमितताका कारण अहिले उद्धारमै लागिपरेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका भूगर्भविद् डा. प्रकाश पोखरेल बताउँछन् । 'रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनसम्मै क्षति पुगेको छ । अहिले हामी रेस्क्युमै लागिरहेका छौं । क्षतिको विवरण पूर्ण आएपछि बल्ल पुनर्वासका लागि तयारी गर्छौं,' भूगर्भविद् डा. पोखरेलले भने, 'यो भयानक बाढीले धेरै ठाउँमा क्षति पुऱ्याएको छ । हामीले आकलन नै गर्न नसक्ने भएको छ ।'

बाढीको पहिलो निसाना बनेको बजार हो, रसुवागढी र टिमुरे बजार । रसुवाको गोसाइँकुण्ड गाउँपालिकाको वडा २ मा पर्ने टिमुरेमा १६३ घर थिए । वि.सं. २०७८ को जनगणनाअनुसार यहाँ ५५० जनसंख्या रहेको गाउँपालिकाका अध्यक्ष कैसाङनुर्पु तामाङ बताउँछन् ।

गाउँपालिकामा रहेको स्याफ्रुबेसी पनि बाढीको निसानामा पऱ्यो । 'स्याप्रुबेसीमा ५८३ घरधुरी थिए । दुई हजार ४७२ जनसंख्या छ । बजारको ६० प्रतिशत घरधुरी उडचो । मान्छेको अवस्था भन्न सकिने अवस्था छैन,' अध्यक्ष तामाङले भने । यी ठाउँमा फेरि बस्न नमिल्ने अध्यक्ष तामाङ बताउँछन् । उत्तरगया गाउँपालिकामा मैलुङ बजार, सल्लेरी, शान्तिबजार, चिप्लेटीदेखि बेत्रावतीसम्म वडा १ देखि ५ का नदीका तटीय क्षेत्रमा क्षति पुगेको छ । उत्तरगयामा ५०० घरमा क्षति पुगेको र ती घरमा दुई हजारभन्दा बढी जनसंख्या रहेको गाउँपालिकाकी उपाध्यक्ष चमेली गुरुङले बताइन् ।

विदुर नगरपालिकाकी उपमेयर प्रभा बोगटीका अनुसार यहाँका ८ वटा वडा बाढीले प्रभावित भएको छ । जसमा त्रिशुलीबजार, ढुंगेबजार, सिमचौर, देवीघाटबजार, सोले, सिपीटार, सिलटंकी, भैंसे, बेत्रावती आदि रहेका छन् । यी ठाउँका ४०० भन्दा बढी घर बाढीले बगाएको र ती घरमा दुई हजारभन्दा बढी जनसंख्या रहेको उनले बताइन् । यता नुवाकोटकै बेलकोटगढी गाउँपालिकाको कुल्फुटार, ठूलोखोला, महादेवफाँट, बालुवाखानीका ७० घर बाढीले बगाएको छ ।

### चीनसँग मिलेर पुनर्स्थापना कार्यक्रम चलाउन विज्ञको सुझाव

इञ्जिनियर युगिन मानन्धर क्षतिको विवरण छिटोभन्दा छिटो लिएर पुनर्स्थापना गर्नुपर्ने बताउँछन् । 'हामीले चीनसँग मिलेर डेटा लिनुपर्छ । क्रस बोर्डर नलेज पनि सेयर गर्न सक्नुपर्छ,' इञ्जिनियर मानन्धरले भने, 'पूर्वदेखि पश्चिमसम्मै हिमाली क्षेत्रमा मानव बस्ती नभएकोले यी क्षेत्रमा चीनको सहयोगमा ड्रोनबाट नियमित मनिटरिङ गर्नुपर्छ ।'

देशभरका नदी किनाराका अरु बस्ती जोगाउन हिउँले ढाकेको हिमालमुनि के भइरहेको छ भनेर पनि अध्ययन गर्नुपर्ने उनी बताउँछन् । 'हामी हिमाल छ भनेर हिउँले ढाकेको पहाड देखेर रमाइरहेका हुन्छौं । हिउँभित्रको जमिन के भइरहेको छ भन्ने हामीले मनिटरिङ गरेका छैनौं । पछिल्ला दिनमा हिमाली क्षेत्रमा तातोपन बढिरहेको छ,' मानन्धरले भने ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका पूर्वप्रमुख अनिल पोखरेल चीनसँग मिलेरमात्र पुनर्स्थापनाका कार्यक्रम बनाउनुपर्ने बताउँछन् । यसको मुख्य कारण हो, हिमाली क्षेत्रमा हुनसक्ने सम्भावित दुर्घटना । 'हिमालमा फेरि दुर्घटना हुन सक्छ । सम्भावित दुर्घटना हुन नदिन चीनसँग पनि मिलेरमात्र नयाँ बस्ती बनाउनुपर्छ । नभए समस्या फेरि दोहरिन सक्छ,' पोखरेलले भने ।

भूकम्पको जस्तो पुनर्स्थापनाको अनुभव अहिले काम नलाग्ने उनले बताए । 'भूकम्पमा घर भत्के पनि जमिन थियो । अहिले न त जमिन छ न घरको संरचना नै,' पोखरेलले भने, 'पूर्णरूपमा स्थान्तरण गर्दा माथिल्लो बेल्टमा सार्नुपर्ने होला । यसको जिम्मा प्राधिकरणले लिनुपर्छ र विस्तृत अध्ययन गरेरमात्र पुनर्स्थापना गर्नुपर्छ ।'

■■■

## सुरुङमा उद्धारको...

परराष्ट्रमन्त्री शिशिर खनालले आइतबार बाढीप्रभावित क्षेत्रको निरीक्षणका क्रममा स्वदेशी जनशक्तिलेमात्रै सुरुङ उद्धार जटिल बनेपछि चीन र भारतीय विशेषज्ञहरूलाई बोलाइएको बताएका थिए । 'आवश्यक परेमा अन्य मुलुकबाट पनि सहयोग लिन सकिन्छ र सोहीअनुसार लियौं,' आइतबार बाढीप्रभावित क्षेत्र पुगेका मन्त्री खनालले भने ।

शनिबार नै भारतीय विज्ञहरूको टोलीले हेलिकप्टरमार्फत चिलिमे र लाङटाङ क्षेत्रको हवाई अनुगमन (रेकी) गरेको थियो । त्यसपछि आइतबारदेखि भारतीय टोलीले नेपाली सुरक्षाकर्मीहरूसँगको समन्वयमा अत्याधुनिक उपकरणसहित उद्धार अभियान थालेको हो । यता, चिनियाँ सुरुङ उद्धार विशेषज्ञको अर्को टोलीले पनि रसुवाको विभिन्न सुरुङमा उद्धार कार्य सुरु गरिसकेको चिनियाँ दूतावासले जानकारी दिएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा उपलब्ध तथ्यांकअनुसार रसुवा र नुवाकोटमा सञ्चालित १३ वटा जलविद्युत् आयोजना बाढीबाट गम्भीररूपमा प्रभावित भएका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान)का अनुसार भोटेकोशी र त्रिशूली क्षेत्रमा रहेका आयोजनाहरूमा कार्यरत कूल ९३३ जना सम्पर्कविहीन वा सुरुङभित्र फसेका छन् । जसमध्ये २७९ जनाको उद्धार भएको प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ ।

माथिल्लो त्रिशूली-१ (२१६ मेगावाट) रसुवामा ५७६ जना सम्पर्कविहीन भएकामा आइतबारसम्म २५४ जनाको उद्धार भएको छ । करिब ३०० जना सुरुङमा फसेको अनुमान गरिएको छ ।

रसुवागढी १११ मेगावाट रसुवामा ९३ जना सम्पर्कविहीन छन् । लाङटाङ खोला २० मेगावाट रसुवामा ४२ जनामध्ये १८ जनाको उद्धार भएको छ । बाँकी २५ जना सुरुङभित्र फसेको इप्पानले जनाएको छ । चिलिमे २२ मेगावाट विद्युत् आयोजनाको सुरुङमा आठ जना फसेकामध्ये दुई जनाको आइतबार शव फेला परेको छ । माथिल्लो त्रिशूली-३ 'बी' ३७ मेगावाट नुवाकोटमा १२२ जना फसेको अनुमान गरिएको छ । बाँकी ११ जनाको उद्धार भएको छ ।

माथिल्लो त्रिशूली-३ 'ए' ६० मेगावाट नुवाकोटमा ४२ जना बेपत्ता छन् । विपद् प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार गत शुक्रबार १९१ र शनिबार ८८ जनालाई विभिन्न सुरुङबाट सफलतापूर्वक उद्धार गरिएको भए पनि अझै सयौं मानिसहरूको अवस्था अज्ञात छ । सुरुङभित्र जमिनमुनि रहेको विद्युत् गृहको ओभरहलिङमामात्रै करिब ४०-४२ जना उच्च विज्ञसहितको प्राविधिक जनशक्ति काम गरिरहेको अवस्थामा फसेको अनुमान गरिएको छ ।

यहीबीच नेपाल विद्युत् प्राधिकरणका कामु प्रबन्ध निर्देशक दीर्घायुकुमार श्रेष्ठका अनुसार तीन दिनदेखि निरन्तर उद्धारमा खटेको टोलीले माथिल्लो त्रिशूली-३ 'ए' आयोजनाको सुरुङमा 'केबल एक्सेस टनेल' फेला पारेको छ । विद्युत् गृहबाट तार बाहिर निकाल्ने उक्त सुरुङ भेटिएसँगै अब पोर्ट सफा गरेर अक्सिजनसहित उद्धारकर्मी र क्यामरा भित्र पठाउने तयारी भइरहेको छ । 'यो सुरुङबाट मान्छे भित्र छिर्न मिल्छ र भित्र फसेकाहरूको उद्धार गर्न पनि मिल्छ । अक्सिजन छिराउने प्वाल हिजै पारेकाले फसेकाहरू सकुशल हुने आशा छ । चाँडै उद्धारको प्रयास भइरहेको छ,' श्रेष्ठले भने ।

सांसद् तथा सुरुङविज्ञ श्रीराम न्यौपाने स्वयं उद्धार क्षेत्रमै उपस्थित भएर ड्रिलिङ गर्ने र सुरुङको मुख खोल्ने प्रक्रियाको नेतृत्व गरिरहेका छन् । उद्धार टोलीले भित्र हावा पठाउन पाँचवटा ड्रिल (प्वाल) समेत बनाएका छन् । पोर्टबाट करिब १८० मिटर अगाडि गएपछि काम भइरहेको सम्भावित स्थानमा पुग्न सकिने र भित्रको वास्तविक स्थिति पत्ता लाग्ने बताइएको छ ।

यस्तोमा, पाँच दिनसम्म पनि आफन्तको स्पष्ट खबर नपाएपछि पीडित परिवार आक्रोशित बनेका छन् । माथिल्लो त्रिशूली-१ मा कार्यरत इञ्जिनियर मिलन खरेलकी दिदी प्रिया खरेल भाइ सुरुङमै जीवितै फसेका छन् कि भन्ने आशामा नुवाकोटको बट्टारसम्म धाएकी छन् । तर अस्पताल वा उद्धार गरिएकाहरूको सूचीमा नाम नभेटिँदा उनका परिवार चरम चिन्तामा छन् । त्यस्तै, त्रिशूली-३ 'ए' मा कार्यरत औरस भण्डारीका आफन्त वासुदेव खतिवडाले पनि सरकारको सुस्त गतिप्रतिको गुनासो पोखेका छन् ।

यसैबीच, नेपाली कांग्रेसले सुरुङमा अड्किएका व्यक्तिहरूको उद्धारमा देखिएको विलम्बप्रति गम्भीर ध्यानाकर्षण गराएको छ । अति जोखिममा रहेका व्यक्तिको जीवन रक्षाका लागि आवश्यक उपकरणसहितको दक्ष जनशक्ति र प्रविधि तत्काल परिचालन गर्न तथा रसुवा र नुवाकोटाका लागि छुट्टाछुट्टै हेलिकप्टर उद्धार युनिट बनाउन कांग्रेसले माग गरेको छ ।

उता, पूर्वमन्त्री एवं उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले पनि धुन्चेमा प्राविधिकहरूसँग छलफल गर्दै सुरुङमा फसेका श्रमिकहरूलाई निकाल्न ठूला मेसिन र उपकरणहरू हेलिकप्टरमार्फत मात्रै लैजान सकिने भएकाले अबको एकमात्र प्राथमिकता सुरुङबाट मान्छे जीवितै बाहिर निकाल्नुपर्ने बताएका छन् ।

■■■

## मलेसिया रोजगारीमा...

गर्न तथा धारा ५१ (घ) (७)ले कालोबजारी, एकाधिकार, कृत्रिम अभाव तथा प्रतिस्पर्धा सीमित गर्ने गतिविधिको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउने नीति स्पष्ट रहेको पनि उल्लेख गरिएको छ । संघले एकाधिकार निषेध गर्ने नेपालका विभिन्न कानुनी प्रावधानको पनि स्मरण गराउँदै सम्बन्धित पक्षलाई खबरदारी गराएको छ ।

मलेसियाले भने नयाँ प्रावधानले श्रमिक भर्ना प्रक्रियालाई डिजिटलाइज्ड गरेकाले सरोकारवाला पक्षलाई थप सहज हुने दाबी गर्दै आएको छ । संघले आफूहरूको विरोध प्रविधिको प्रयोगमा नभई त्यसको नाममा एकाधिकार, सीमित संस्थाको पक्षपोषण तथा श्रमिक र व्यवसायीमाथि अनावश्यक आर्थिक भार थप्ने सम्भावित व्यवस्थाप्रति भएको प्रस्ट पारेको छ । संघले युवा, श्रम तथा रोजगार मन्त्रालय, परराष्ट्र मन्त्रालय तथा सम्बन्धित सरकारी निकायलाई यस विषयमा गम्भीर कूटनीतिक पहल गरी मलेसिया सरकारसँग आवश्यक संवाद अगाडि बढाउन पनि अनुरोध गरेको छ ।

उक्त प्रणालीमा सूचीकृत नेपालका २५ व्यवसायीमध्ये २३ व्यवसायीले आफूलाई प्रणालीमा कसरी राखियो भन्नेबारे कुनै जानकारी नभएको र प्रणालीबाट बाहिरिन चाहेको भन्दै युवा, श्रम तथा रोजगार मन्त्रालयलाई पत्र पठाइसकेका छन् । फ्रन्टलाइन रिक्रुटमेन्ट प्रालि र एसिया लिंक ओभरसिज प्रालिले यस विषयमा कुनै प्रतिक्रिया र स्पष्टीकरण नदिएको संघका तृतीय उपाध्यक्ष तथा सिण्डिकेटविरुद्ध संघर्ष समितिका संयोजक लक्ष्मण पौडेलले बताए । आज (सोमबार) घटक संस्था, संघका सल्लाहकार तथा पूर्वअध्यक्षहरू समेतको बैठक बसेर यस विषयमा थप निर्णय लिने तयारी भएको संयोजक पौडेलले बताए ।

■■■

## समूह बनाउने ...

'बंगलादेशबाट एक जनाको भिसा निकालेबापत अमिनले ४५ सय रिंगेट लिँदै छ,' उनले भने, 'पूरै प्रक्रियाको खर्च जोड्दा मलेसिया जान बंगलादेशबाट सातदेखि आठ लाख नेपाली रूपैयाँ तिर्नुपर्ने हुन्छ । नेपालमा लागू भयो भने यहाँ पनि हुने त्यही हो । यहाँ कुनै पनि हालतमा आउँदैन ।'

नेपालका व्यवसायीहरूले पनि बंगलादेशकोजस्तो अभ्यास गर्न खोजेको देखिएको छ । गत अगस्ट २२ मा एफडब्लुसिएमएसमा बंगलादेशका २५ व्यवसायीमात्र सूचीकृत भए पनि त्यहाँको सरकारले चलाएको बंगलादेश ओभरसिज इम्प्लोइमेन्ट एण्ड सर्भिस (बिओइएसएल) लिमिटेडलाई पनि प्रणालीमा थप गरिएको छ । यी २६ व्यवसायीको साझेदारको रूपमा थप ३१२ व्यवसायीलाई काम गर्न पाउने समाचार बंगलादेशको समाचार पोर्टल 'द डेली स्टार'ले प्रकाशन गरेको छ । सुरुका २५ व्यवसायीका १०-१० जना साझेदार तोकिएको छ भने बिओइएसएलअन्तर्गत ६२ व्यवसायीले काम गर्ने जनाइएको छ ।

# विद्युतीय खरिद प्रणालीमा देखिए सुरक्षा जोखिम, स्थगित गरेर 'हार्डकपी' मा फर्कियो सरकार

**काठमाडौं (प्रस)**– पत्रपत्रिमा बोलपत्रको विज्ञापन बन्द गरेर विद्युतीय खरिद प्रणाली लागू गरेको सरकारले सुरक्षा जोखिम उच्च देखिएको भन्दै उक्त प्रणाली स्थगित गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको सार्वजनिक खरिद अनुगमन कार्यालयले बिहीबार एक सूचना जारी गर्दै हाल सञ्चालनमा रहेको विद्युतीय खरिद प्रणालीमा उच्च सुरक्षा जोखिम देखिएपछि अर्को सूचना जारी नभएसम्मका लागि प्रणाली स्थगित गरिएको जानकारी दिएको हो । सूचनामा प्रणालीको मर्मतसम्भार तथा सुधार कार्य भइरहेको जनाइएको छ ।

कार्यालयको सूचनाअनुसार बिहीबार (भदौ ११ गते) देखि अर्को सूचना जारी नभएसम्मका लागि हालको विद्युतीय खरिद प्रणालीको प्रयोग पूर्णरूपमा स्थगित गरिएको छ । उक्त मितिसम्म प्रकाशन भई प्रस्ताव पेस गर्ने म्याद समाप्त हुन बाँकी रहेका तथा नयाँ प्रकाशन हुने क्रममा रहेका बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको हकमा सार्वजनिक निकायहरूले हार्डकपी (कागजी रूप) मार्फत प्रक्रिया अगाडि बढाउन सक्ने बताइएको छ ।

सरकारले सार्वजनिक खरिद ऐन संशोधन गरेर सरकारी कार्यालयले बोलपत्रसम्बन्धी विज्ञापन पत्रपत्रिकामा प्रकाशन गर्नु नपर्ने व्यवस्था गरेको थियो । विद्युतीय प्रणालीबाट मात्रै बोलपत्रको सूचना प्रकाशित गर्ने सरकारको उक्त कदमको सरोकारवालाहरुबाट विरोध भएको थियो । सरोकारवालाहरुले उठाएको सुरक्षा जोखिमको विषय सार्वजनिक खरिद अनुगमन कार्यालयको यो सूचनाले पुष्टि गरेको छ । यता, उक्त संशोधनविरुद्ध दायर भएको रिट अदालतमा विचाराधीन छ । अदालतले सरकारलाई संशोधन गर्नुको कारण लिखितरुपमा पेस गर्न माग गरिसकेको छ । यसअघि तीन तहकै सरकारी कार्यालयको विज्ञापन तथा सूचनाहरु सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशित गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी निर्देशन अदालतले खारेज गरिसकेको छ ।


**आवास बचत तथा ऋण सहकारी संस्था लि.**
**Aawas Saving & Credit Co–Operative Ltd.**
**Kathmandu-32, Koteshwor, Ratnamarga, Nepal**
**बाट कर्जा लिई समयावधि भित्र कर्जा नतिर्ने ऋणी सदस्यहरूलाई**
**कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना**

*प्रकाशित मिति : २०८३/०५/१५ गते*

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरूले विभिन्न प्रयोजनका लागि लिएको कर्जा लिदा गरी दिएको लिखित र करारनामा सम्झौतामा तोकिए बमोजिम बुझाउन पर्ने साँवा ब्याज किस्ता समेतका रकमहरू नबुझाई ऋण लिंदा गरेका शर्त कबुलियतको उल्लङ्घन गरेको र संस्थाबाट मौखिक एवम् लिखित रूपमा पटक-पटक ताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौट गर्नेतर्फ बेवास्ता गरी ऋण दायित्व फछ्र्यौट गर्नेतर्फ कुनै मनशाय नदेखाएकाले यो **३५ (पैतिस)** दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्रमा यस संस्थालाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य रकम एकमुष्ट बुझाउन सुचित गरिएको छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरेमा प्रचलित कानुन तथा ऋणी र यस संस्थाबिच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ता विरुद्ध आवश्यक कानुनी कार्वाही चलाइने र तपाईको नाम कर्जा सूचना केन्द्रको कालोसुचिमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट अग्रिम जानकारी गराइन्छ। कथंकदाचित कर्जा रकम असुलउपर हुन नसके प्रचलित नेपाल सरकारको कानुन बमोजिम अन्य कानुनी कार्वाहीको प्रक्रिया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावलाई यसै सूचनाबाट जानकारी गराउँदछौं ।

**तपसिल**

| नाम, थर | जमानी बस्ने व्यक्ति | पारिवारिक जमानीकर्ता |
|---|---|---|
| सरिता खड्का, बाजे : खड्ग ब. खड्का, ठेगाना : जिरी-७, दोलखा, ना.प्र.प्र.नं.: २२-०१-७४-००३७२ | गिता पौडेल/कमल ब. बोगटी | |
| शान्ति पौडेल, बाजे : रुद्र प्र. जैसी, ठेगाना : कालागाउँ-६, अछाम, ना.प्र.प्र.नं.: ६६-०१-७०-००९३८ | विराट भण्डारी | विराट भण्डारी |
| ईश्वरी खड्का ढकाल, बाजे : पदम ब. खड्का, ठेगाना : कोटेश्वर-३२, काठमाडौं, ना.प्र.प्र.नं.: २१-०१-६९-३५२३२ | राजेश ढकाल | विशाल गौतम |
| भोलानाथ तिमिल्सिना, बाजे : तारानाथ तिमिल्सिना, ठेगाना : धुलिखेल-९, काभ्रे, ना.प्र.प्र.नं.: ५२२ | | सुशीला तिमिल्सिना |
| सुमित्रा खड्का, ठेगाना : बुढानिलकण्ठ-२, काठमाडौं, ना.प्र.प्र.नं.: ४/८७/५२१० | | |
| रविन श्रेष्ठ, बाजे : कान्छा बहादुर श्रेष्ठ, ठेगाना : मैतिदेवी-२८, काठमाडौं, ना.प्र.प्र.नं.: १२५१२/३९९२४ | मनोज सापकोटा | |
| गोमा दाहाल, ठेगाना : जिरी-७, दोलखा, ना.प्र.प्र.नं.: ३२२०६२/३८६ | | |
| लेखनाथ घिमिरे, ना.प्र.प्र.नं.: १३३०३१/१९२ | | |
| भरत विश्वकर्मा, बाजे : दले कामी, ठेगाना : पञ्चदेवल-६, अछाम, ना.प्र.प्र.नं.: ६९-०२-७२/०२७९ | सावित्रा सुवेदी | |
| काशिका देवी ढुंगाना, बाजे : महाप्रसाद ढुंगाना, ठेगाना : बतासे-६, सिन्धुपाल्चोक, ना.प्र.प्र.नं.:१४९८९९ | पासाङ तामाङ | उमेश ढुंगाना |
| पवित्र दर्जी परियार, बाजे : गरुडध्वज दर्जी, ठेगाना : महोत्तरी-३, बर्दिवास, ना.प्र.प्र.नं.: १८-०५-७३-००१५५ | श्याम परियार | श्याम परियार |
| रिता भुजेल, बाजे : बद्री प्रसाद भुजेल, ठेगाना : मध्यपुरथिमि-२, भक्तपुर, ना.प्र.प्र.नं.: ८१९६० | विकास बस्नेत | रोहन भुजेल |
| कर्म तामाङ, बाजे : तिख्ले तामाङ, ठेगाना : रानीटार-९, पाँचथर, ना.प्र.प्र.नं.:२४३०१३/६१ | सोनम राई | |
| कमल प्रसाद बजगाईं, बाजे : खडानन्द बजगाईं, ठेगाना : काँडाघारी, ना.प्र.प्र.नं.:२५२६९ | | कमला बजगाईं |
| आलोक खड्का, बाजे : गंगा बहादुर खड्का, ठेगाना : लोकन्थली, भक्तपुर | शंकर ठकुरी | |
| सागरनाथ विश्वकर्मा, बाजे : तुलाराम कामी, ठेगाना : मध्यपुरथिमि-२, भक्तपुर, ना.प्र.प्र.नं.:३३९५५ | जीवन खत्री/रघद्र थापा मगर | |
| राजेन्द्र कुमार प्रधान, बाजे : सिद्धिनारायण प्रधान, ठेगाना : मध्यपुर थिमि-२, भक्तपुर, ना.प्र.प्र.नं.:१०७०३/१५४ | सुमित्रा श्रेष्ठ | सुमित्रा श्रेष्ठ |
| गीता पौडेल, बाजे : हुतराज पाण्डे, ठेगाना : पोखरा-७, कास्की, ना.प्र.प्र.नं.:५९५९ | सरिता खड्का/कमल ब. बोगटी | |
| नारायण गुरुङ, बाजे : धन बहादुर गुरुङ, ठेगाना : पिठौली-६, नवलपरासी, ना.प्र.प्र.नं.:८२६६ | विजय गौतम | |
| कल्पना अधिकारी, ठेगाना : कोटेश्वर-३२, काठमाडौं, ना.प्र.प्र.नं.: | | |
| सचिन राई, बाजे : रत्न बहादुर राई, ठेगाना : कागेश्वरी मनोहरा-७, गान्धीचोक, ना.प्र.प्र.नं.:२१८१/७ | रघु थापा मगर | |
| सपना श्रेष्ठ | | |
| भगीरथ खतिवडा, ठेगाना : कोटेश्वर-३२, काठमाडौं | | |
| सुन कुमारी गलान, बाजे : दोर्जे घलाल, ठेगाना : बालकुमारी-९, ललितपुर, ना.प्र.प्र.नं.:२०२४/३४३५ | उर्मिला साहखल/रघद्र थापा मगर | |
| मुकुन्द थापा मगर, बाजे : पदम बहादुर थापा मगर, ठेगाना : मध्यपुर थिमि-२, भक्तपुर, ना.प्र.प्र.नं.:१६९६७ | बाबु खड्का | |
| धना खड्का, ठेगाना : कोटेश्वर-३२, काठमाडौं, ना.प्र.प्र.नं.:८५७६ | | |
| संगीता कुमारी क्षेत्री, बाजे : भक्त बहादुर क्षेत्री, ठेगाना : कोटेश्वर-३२, काठमाडौं, ना.प्र.प्र.नं.: १२४२/११२७९७३६ | धन खड्का/सपना गुरुङ/सरिता के.सी./दिपिका खड्का | |
| गौरी माया लिम्बु, बाजे : लालध्वज लिम्बु, ठेगाना : कोटेश्वर-३२, काठमाडौं, ना.प्र.प्र.नं.: ९९०११४६७ | सुन कुमारी घलान | |
| मंगली लोहला, ठेगाना : सूर्यविनायक, भक्तपुर, ना.प्र.प्र.नं.: | | |
| मुना कुमारी पोखरेल, बाजे : पूर्ण प्रसाद पोखरेल, ठेगाना : रूपनगर-५, सिरहा, ना.प्र.प्र.नं.:८०१६६७७९ | मोति प्रसाद लम्साल/अनिता चापागाई | मखन कुमार पोखरेल |
| निर्मया घिसिङ, बाजे : राम बहादुर घिसिङ, ठेगाना : नागार्जुन-५, काठमाडौं, ना.प्र.प्र.नं.: ३००१-०६७-१०१९३ | सुन कुमारी घलान | राज कुमार बुलन |
| श्रीकृष्ण परियार, बाजे : भिमसेन परियार, ठेगाना : कोटेश्वर-३२, काठमाडौं, ना.प्र.प्र.नं.:५/१०४२ | पुष्पा परियार | विशाल परियार |
| सबिना गिरी, बाजे : तिलक बहाद'र गिरी, ठेगाना : कोटेश्वर-३२, काठमाडौं, ना.प्र.प्र.नं.:२८-०१-०७०-०४५८७ | | विवेक सराफ |
| दिपेन्द्र बुढाथोकी, ठेगाना : कोटेश्वर-३२, काठमाडौं, ना.प्र.प्र.नं :८६/१८२३८/६७५४/२१५५२ | | |
| हरिप्रसाद रिजाल, बाजे : मुक्ति प्रसाद रिजाल, ठेगाना : मेचीनगर-१३, झापा, ना.प्र.प्र.नं.:०४-०१-७०-२५६२२ | रघु थापा मगर | कृष्ण प्रसाद रिजाल |
| नम्रता कटुवाल दाहाल, बाजे : मानध्वज दाहाल, ठेगाना : मथिन्कोट-४, काभ्रेपलाञ्चोक, ना.प्र.प्र.नं.:३०१०६९/१७०८६९ | रघु थापा मगर | |
| अनुपम कुमार शाह, बाजे : स्व. रघुवीर प्रसाद शाह, ठेगाना : खुट्टा पिपराठी ब्रह्मटोल-४, महोत्तरी, ना.प्र.प्र.नं.:०१८/०३८/१०४९ | रामेश्वर अवाल | |
| बिदुर बादल, बाजे : वालकृष्ण बडाल, ठेगाना : कोटेश्वर-३२, काठमाडौं, ना.प्र.प्र.नं.:४६६४६/१११९४७ | प्रज्वल के.सी. | |
| युवराज खनाल, बाजे : गोपाल खनाल, ठेगाना : धुलिखेल-१, काभ्रे, ना.प्र.प्र.नं.:३०१०३७/१७३९१४ | राम प्रसाद खतिवडा | |
| अम्बिका प्रसाद रेग्मी, बाजे : धर्मानन्द रेग्मी, ठेगाना : कुमिण्ड-६, खोटाङ, ना.प्र.प्र.नं.:१३२१-७२/२७६६/५३९ | | सञ्जिप मुलामी मगर |
| मुकुन्द ढुंगाना, बाजे : मयाराम ढुंगाना, ठेगाना : छालिङ-८, भक्तपुर, ना.प्र.प्र.नं.: ३१४४८ | वि.पि. सिलवाल | चम्फा ढुंगाना |
| सीताराम लक्ष्मीबीर, ठेगाना : पाल्तेपानी-८, भोजपुर, ना.प्र.प्र.नं.: ०९१०५४/२८ | सन्तोष नेपाली | अशोक लकान्द्री |
| कमला राउत, बाजे : लिलानाथ दाहाल, ठेगाना : त्रिपुरेश्वर-३, धादिङ, ना.प्र.प्र.नं.: २३०९३ | पुजा श्रेष्ठ | रमा राउत |
| ख्यामराज बुढाथोकी | | |
| गणेश विश्वकर्मा, बाजे : रुक बहादुर विश्वकर्मा, ठेगाना : फुङलिङ-२, ताप्लेजुङ, ना.प्र.प्र.नं.: ५६४८/४२४०१ | रिता प्रधान | सिता विश्वकर्मा |
| धिरज ओली | | |
| श्याम कुमार दाहाल, ना.प्र.प्र.नं.: | | |
| बाबुराम नेपाली, बाजे : हस्तवीर दमाई, ना.प्र.प्र.नं :८६/१८२३८/६७५४/२१५५२ | संगीता नेपाली | संगीता नेपाली |



**मलेसियामा रोजगार** कम्पनी : MR. D.I.Y. TRADING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१४ LT. No. 338414 चलानी नं. ६०२५१८९०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रु. |
|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 2 | 0 | 1700 | ६८,४१५ |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौं मिति : २०८३ भदौ २२ गते (7th Sep. 2026) मा हुनेछ ।

ARCTIC OVERSEAS PVT. LTD. (Artic International Pvt Ltd.)
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376112
E-mail : arcticinternational09@gmail.com



**कुवेतमा रोजगारको अवसर** Free Visa!! Free Ticket!!

कम्पनी : MONTROSE HOTEL COMPANY KUWAIT

पूर्व स्वीकृति मिति : २०८२/०९/२५ LT. No. 336838

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रु. |
|---|---|---|---|---|---|
| 1 | Housekeeping Attendants | 0 | 1 | 120 | ५५२६१ |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौं मिति : २०८३ भदौ २२ गते (7th Sep. 2026) मा हुनेछ ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel: +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com



**युएइमा रोजगार** कम्पनी : UNITED FOODS CO.

पूर्व स्वीकृति मिति : २०८३/०३/०१ LT. No. 343509

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | General Worker/factory Worker | 17 | 0 | 1000 | ४१,५३६ |
| 2. | Packer Worker | 19 | 0 | 1000 | ४१,५३६ |

कम्पनी : FARNEK MANPOWER SUPPLY SERVICES - SOL PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/११/०३ LT. No. 349109

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. |
|---|---|---|---|---|---|
| 1 | Worker/Packer | 200 | 0 | 1000 | ४१,५३६ |

कम्पनी : BARARI NATURAL RESOURCES

पूर्व स्वीकृति मिति : २०८२/१०/१५ LT. No. 338025

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. |
|---|---|---|---|---|---|
| 1 | AGRICULTURE WORKER | 74 | 0 | 1000 | ४१,५३६ |
| 2 | Forester | 25 | 0 | 1000 | ४१,५३६ |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौं मिति : २०८३ भदौ २२ गते (7th Sep. 2026) मा हुनेछ ।

SHAN A.B. INTERNATIONAL PVT. LTD.
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9706659209 (Narayan Bhattarai)



**कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना**

कम्पनी ऐन २०६३ बमोजिम २०७४/१२/०४ गते मेटा डिजाइन एण्ड सल्यासन्स प्रा.लि. को नामबाट दर्ता भएको प्रा.लि.नं. १८५९०१ कम्पनीको मिति २०८३/०५/११ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रुपमा खारेजी (लिक्वडेसन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्यांक आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदावी गर्न सूचित गरिन्छ ।

लिक्विडेटर : शेर बहादुर रोकाया (इजाजत पत्र.नं. २८७)
बबरमहल, काठमाडौं । सम्पर्क: ९८५१११६३७२३

# भोटेकोशी बाढीको कहर



















१) भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपछि बेपत्ता भएका आफन्तजनको खोजीमा काठमाडौंस्थित ट्रमा सेन्टरको भित्तामा आफ्ना आफन्तको तस्बिर टाँस्दै युवतीहरु ।

२) रसुवाको भोटेकोशी नदी हुँदै त्रिशूली नदीमा आइतबार बिहान पुनः आएको बाढीका क्रममा सुरक्षित स्थानतर्फ भाग्ने क्रममा घाइते भएकी नुवाकोटको बेलकोटगढीकी एक वृद्ध महिलालाई उद्धार गरी उपचारका लागि काठमाडौंस्थित ट्रमा सेन्टरमा ल्याइँदै ।

३) रसुवाको गोसाइँकुण्डबाट फर्किएर अलपत्र अवस्थामा परेका यात्रीहरु धुञ्चेस्थित नेपाली सेनाको ब्यारेकअघि उद्धार उडानमार्फत आफ्नो गन्तव्यतर्फ जान पालो कुर्दै ।

४) आइतबार नुवाकोटको विदुर नगरपालिका-१ स्थित ढुंगेबजारमा बाढीले क्षतिग्रस्त संरचना र सडकको लेदो डोजरको सहयोगमा पन्छाइँदै ।

५) भोटेकोशी बाढीपहिरोबाट प्रभावित नागरिकका लागि आइतबार हेटौंडामा संकलन गरिएको खाद्यान्नलगायत राहत सामग्री व्यवस्थापन गर्दै स्वयंसेवक ।

६) रसुवाको धुञ्चेबाट जिल्लास्थित विभिन्न स्थानमा बाढी प्रभावितहरूलाई वितरण गर्न हेलिकप्टरबाट राहत सामाग्री लगिँदै ।

तस्बिरहरुः रासस

# उद्धार तथा राहतमा अन्तर्राष्ट्रिय समुदायको सहयोग

**काठमाडौं–** भोटेकोशी बाढीप्रभावित क्षेत्रमा जारी उद्धार तथा राहत कार्यमा नेपाललाई छिमेकी भारत र चीनसहित अन्तर्राष्ट्रिय समुदायले सहयोग गरिरहेका छन् ।

बाढीबाट जनधनको ठूलो क्षति भएपछि प्रभावित क्षेत्रमा उद्धार, राहत तथा पुनर्स्थापनाका लागि भारत र चीनले सुरुआती दिनदेखि नै राहत सामग्री, सुरुङ उद्धार टोली तथा प्राविधिक जनशक्ति उपलब्ध गराएका छन् भने विभिन्न अन्तर्राष्ट्रिय संस्थाले आर्थिक तथा प्राविधिक सहयोगको प्रतिबद्धता जनाएका छन् ।

बाढीबाट तल्लो तटीय क्षेत्रमा रहेका आवासीय क्षेत्र, सडक, पुल तथा अन्य पूर्वाधारमा व्यापक क्षति पुगेको छ । प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसहित राज्यका विभिन्न निकाय उद्धार तथा राहत कार्यमा परिचालित छन् ।

भारतबाट ११ टन राहत सामग्री बोकेको चौथो चरणको उडान आइतबार बिहान काठमाडौंमा अवतरण गरेको छ । राहत सामग्रीमा खोज तथा उद्धारका लागि आवश्यक उपकरणसहितको सुरुङ उद्धार प्राविधिक टोली, डिएनए विश्लेषणका लागि फरेन्सिक विज्ञहरूको टोली तथा कम्बल, स्लीपिङ ब्याग, त्रिपाल, प्लास्टिक सिट र सरसफाइ किटलगायत सामग्री समावेश रहेको यहाँस्थित भारतीय दूतावासले जनाएको छ ।

स्थलगत निरीक्षण टोलीको मूल्यांकनका आधारमा विशेष उपकरणसहित १३ सदस्यीय भारतीय सेनाको सुरुङ उद्धार टोली नेपाल आएको हो । उक्त टोलीले नेपाली विपद् प्रतिकार्य टोलीले सञ्चालन गरिरहेको खोज तथा उद्धार कार्यमा सहयोग गर्ने छ । मृतकका अवशेषको पहिचानका लागि डिएनए नमूना विश्लेषणमा सहयोग गर्न छ वटा फरेन्सिक टोलीका १९ सदस्यीय समूह पनि नेपाल आएको दूतावासले जनाएको छ ।

यसअघि भारतले शनिबारसम्म भारतीय वायुसेनाका विमानमार्फत नेपालमा करिब ५७.५ टन राहत सामग्री ढुवानी गरिसकेको छ । बाढी आएको बुधबार नै भारतीय वायुसेनाको विमानले अस्थायी आश्रयस्थल, कम्बल, सरसफाइ किट, सौर्य बत्ती तथा औषधिलगायत १० टन आकस्मिक राहत सामग्री नेपाल ल्याएको थियो ।

त्यसको भोलिपल्ट बिहीबार भारत सरकारले पाल, कम्बल, सरसफाइ किट, सौर्य बत्ती, पानी निकाल्ने पम्प, भान्साका सामग्री, जेनेरेटर सेट, औषधि तथा खाद्य सामग्रीसहित ३७.५ टन राहत सामग्री पठाएको थियो ।

त्यसपछि भारतले शुक्रबार पाँच सदस्यीय भारतीय सेनाको सुरुङ उद्धार प्रारम्भिक निरीक्षण टोली र छ सदस्यीय चिकित्सा टोली पठाउनुका साथै पोर्टेबल जेनेरेटर सेट, डिग्निटी किट, खाद्यसामग्री, पानी शुद्धीकरणका ट्याब्लेट तथा औषधिसहित थप १० टन सामग्री पठाएको थियो ।

आइतबार बिहान चीनको जनमुक्ति सेना वायुसेनाका दुईवटा ढुवानी विमान चीनद्वारा प्रदान गरिएको आपत्कालीन राहत सामग्री लिएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइपुगेका छन् । चार जना चिनियाँ सुरुङ उद्धार विशेषज्ञ उद्धार उपकरणसहित विमानमा आएका छन् ।

दुवै ढुवानी विमानले चीनको छेन्दु शुआङ्लिउ अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भरेका थिए । करिब तीन घण्टाको उडानपछि काठमाडौं आइपुगेका ती विमानले पाल, कम्बल, स्लिपिङ ब्याग, हार्डटचाक तथा प्राथमिक उपचार किटलगायत १३ हजार २०० थान आपत्कालीन राहत सामग्रीसहित ५० टन सामग्री ल्याएका छन् ।

भारत र चीनका सुरुङ उद्धार टोली भोटेकोशी बाढीप्रभावित क्षेत्रमा सुरुङमा फसेका व्यक्तिको उद्धारमा खटिएका छन् । प्रभावित क्षेत्रका कतिपय जलविद्युत् आयोजनाका सुरुङमा अझै कयौं व्यक्ति फसेका र नेपाली सुरक्षाकर्मीले उद्धार जारी राखेका बेला दुवै छिमेकी मुलुकका सुरुङ उद्धार टोली शनिबार नेपाल आइपुगेका थिए ।

पछिल्लो जानकारीअनुसार प्रभावित क्षेत्रबाट शनिबार साँझसम्म सात हजार ५१४ जनालाई हवाई तथा स्थलमार्गबाट उद्धार गरी सुरक्षित स्थानमा पुऱ्याइएको छ । जसमध्ये विभिन्न जलविद्युत् आयोजना क्षेत्रमा फसेका २७९ जनाको उद्धार भइसकेको छ भने बाँकी क्षेत्रमा नेपाली सेनाले उद्धार प्रयास जारी राखेको जनाएको छ । उद्धार कार्यमा भारतीय तथा चिनियाँविज्ञ नेपाली सेनासँगको समन्वयमा खटिएका छन् । प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका गरी १८ हजार ७०८ सुरक्षाकर्मी परिचालित छन् ।

यसैगरी, प्रभावितको व्यवस्थापन तथा पुनर्स्थापनाका लागि अन्तर्राष्ट्रिय समुदायबाट पनि आर्थिक तथा प्राविधिक सहयोगको प्रतिबद्धता आएको छ । एसियाली विकास बैंक (एडिबी)बाट बजेटरी सहयोग (अनुदान) स्वरूप पाँच मिलियन अमेरिकी डलर, विश्व बैंकबाट १६७ मिलियन अमेरिकी डलरको सहुलियतपूर्ण कर्जा, अमेरिकी सरकारबाट पाँच लाख अमेरिकी डलर र अस्ट्रेलिया सरकारबाट एक मिलियन अमेरिकी डलर नगद सहयोग उपलब्ध गराउने प्रतिबद्धता आएको छ । एडिबीले प्राविधिक सहायताका लागि एक लाख ५० हजार अमेरिकी डलर उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ ।

हालसम्म रसुवा, धादिङ, नुवाकोट, चितवन, तनहुँ, गोरखा, नवलपरासी पूर्व र नवलपरासी पश्चिमका विभिन्न स्थानमा ६७५ वटा शव फेला परेका छन् । फेला परेका शवलाई 'एयरटाइट ब्याग'मा राखेर व्यवस्थापन गर्ने भइरहेको छ ।

'पहिचान नभएका तथा शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३' बमोजिम शव व्यवस्थापन गरिँदैछ । पहिचान गर्न नसकिने अवस्थामा भेटिएका शवको डिएनएलगायत पहिचानमा सहयोग गर्ने आधार सुरक्षित राखी सरकारले व्यवस्थापन गर्न लागेको हो । परिवारले पहिचान गरेका शव भने सम्बन्धित परिवारलाई जिम्मा लगाउने काम भइरहेको छ । *रासस*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## बाढीप्रभावित क्षेत्रमा राहत र स्वास्थ्य सामग्री छिटो पुर्‍याऊ

रसुवाको भोटेकोशीमा आएको भीषण बाढीका कारण बेपत्ता मानिसको संख्या दिनानुदिन बढ्दो छ । सडकमार्ग सहज बनाउन नसक्दा उद्धारमा अझै कठिनाइ आइरहेको छ । झण्डै एक हप्ता बित्न लाग्दा पनि सरकार उद्धारमै अलमलिएको छ । नदी किनारमा शवको दुर्गन्ध फैलिन थालेको छ । खोला पारि गएकाहरू पारि नै फसेका छन् भने वारीका वारी नै फसेका छन् । सरकारले एकद्वार नीति अपनाउँदा बाढीका कारण विभिन्न स्थानमा फसेकाहरू भोकभोकै बस्न बाध्य छन् ।

रसुवाको टिमुरे, स्याप्रुबेसी, मैलुङ, बेत्रावती क्षेत्रमा पानीको हाहाकार सुरु भएको छ । रसुवाका अरु गाउँहरू नाकाबन्दीमा पर्दा खानेकुरादेखि स्वास्थ्य सामग्रीका अभाव चुलिन थालिसकेको छ । यस्तो अवस्थामा पनि सरकारले खासै तदारुकता देखाउन सकेको छैन । सामाजिक सञ्जाल र आकाशमा सरकार देखिए पनि जनताले सरकार भएको आभाष नपाएको प्रभावित क्षेत्रका स्थानीय तहका जनप्रतिनिधिहरूले गुनासो गरिरहेका छन् । उद्धारपछि सरकारले राहत वितरण र स्वास्थ्य परीक्षणमा विशेष ध्यान दिनुपर्ने हो । तर स्थानीय तहसँग समन्वयसमेत नगरी सरकार एकपक्षीय भएर बसेको छ ।

अहिलेको अवस्थामा सरकारले अस्थायी बसोबासको तयारी, खाना तथा पिउने पानीको व्यवस्थापन तुरुन्तै गर्नुपर्छ । बाढीपछिको स्थिति झन् भयावह हुने संकेत देखिँदै छ । बाढीले खानेपानीका मुहानहरू बगाइदिएको छ, सरसफाइको अभाव छ र मृत जीवजन्तु तथा फोहोरको उचित व्यवस्थापन हुन सकेको छैन । यस्तो अवस्थामा हैजा, झाडापखाला, डेंगुजस्ता महामारी फैलिन सक्छ । यदि समयमै स्वास्थ्य शिविर सञ्चालन गर्ने, शुद्ध पिउने पानीको व्यवस्था गर्ने र औषधिको आपूर्ति सुनिश्चित नगर्ने हो भने बाढीबाट जोगिएका नागरिकको ज्यान रोग र भोकले जाने जोखिम छ । सरकारले महामारी फैलिसकेपछि मात्रै कदम चाल्ने परम्परागत शैली त्यागी पूर्वतयारीमा जोड दिनुपर्छ ।

प्रकोप आउनुअघि रोकथाम गर्न नसकिए पनि प्रकोपपछिको उद्धार, राहत र पुनर्स्थापनामा राज्यको कार्यकुशलता देखिनुपर्छ । रसुवाका बाढीपीडितहरूलाई दया होइन, उनीहरूको अधिकारको रूपमा राज्यको संरक्षण चाहिएको हो । सरकारले भाषण र आश्वासनमात्र बाँड्ने प्रवृत्ति बन्द गरी तत्काल ठोस कदम चाल्नुपर्छ । सडक तथा सञ्चार सम्बन्ध विच्छेद भएका विकट क्षेत्रमा सहायता सामग्री पुर्‍याउन हेलिकप्टर नै अहिलेको वैकल्पिक साधन बनेको । सरकारले ती क्षेत्रमा तत्काल हेलिकप्टरमार्फत राहत तथा स्वास्थ्य सामग्री पुर्‍याउन जरुरी छ ।

यो महाविपत्तिमा सरकार एक्लैको प्रयासले राहत, उद्धार र पुनर्स्थापनाको काम सम्भव हुँदैन । त्यसैले सरकारसँगै निजी क्षेत्रले पनि यस अभियानमा सक्रिय सहभागिता जनाउनुपर्छ । तर, सरकारले समन्वयको वातावरण तयार गरिदिनुपर्छ । अहिले संघीय सरकारको प्रदेश र स्थानीय सरकारसँग समन्वय नै नभएको स्थिति देखिन्छ । यो स्थितिलाई तोडेर सरकारले तत्काल स्थानीय तहलाई सक्रिय बनाउन आवश्यक स्रोत साधन उपलब्ध गराउनुपर्छ । प्रदेश सरकारलाई पनि यस कार्यमा संलग्न गराई राहत, उद्धार र पुनर्स्थापना कार्य द्रुत एवं प्रभावकारी बनाउनुको विकल्प छैन ।

## श्रम सरोकार

### नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# नागरिक समाजको सामाजिक दायित्व



❑ गम्भीरबहादुर हाडा

"नेपालमा ऐतिहासिककालदेखि नै नागरिक समाजले राज्यशक्तिसँग मिलेर काम गर्दै आएको छ । लिच्छवी र मल्लकालीन नेपालमा नागरिक समाजको भूमिका महत्त्वपूर्ण थियो । नेपालको एकीकरणमा पनि नागरिक समाजका संगठनहरूले महत्त्वपूर्ण योगदान पुर्‍याएका थिए । राणाकालीन राजनीतिमा भने यिनीहरु फस्टाउन सकेनन् । अधिनायकवादी राज्य परम्परामा नागरिक समाजलाई पूरै दबाइएको हुन्छ । यति हुँदाहुँदै पनि प्रजातन्त्रको स्थापनामा नागरिक समाजले महत्त्वपूर्ण भूमिका खेलेको हामी पाउँछौं ।

नागरिक समाजको बारेमा कुनै ठोस परिभाषा भएको पाइँदैन । यसका उद्देश्य र कार्यक्षेत्रका आधारमा यसको चिनारी गराइएको पाइन्छ । यसको कार्यक्षेत्र विविध किसिमको हुन्छ । साना-साना संघ वा समूहदेखि लिएर अन्तर ाष्ट्रियस्तरसम्म यसको विस्तार भएको छ । एउटा गाउँको महिला जागरण समूह र ट्रान्सपरेन्सी इन्टरनेसनल दुवैलाई नागरिक समाजको दायराभित्र राख्नुपर्ने भएकाले पनि यसको उपयुक्त परिभाषा हुन नसकेको हो ।

कार्यक्षेत्र र उद्देश्यको आधारलाई ध्यानमा राखेर 'समाजको मानवीय संवेदनासँग आबद्ध रहेर सामाजिक परिचालनमा रहने सरकार र बजार संयन्त्रभन्दा बाहिर रहेको समूह वा आन्दोलन'लाई नागरिक समाजको संज्ञा दिइएको पाइन्छ । नागरिक समाजभित्र पेसागत संघ संस्थाहरू, विभिन्न जातिगत संस्थाहरू, शिक्षक/प्राध्यापक संघहरू, श्रमिक संघ संस्थाहरू, मानवअधिकारवादी संस्थाहरू पर्दछन् । नागरिक समाज समकालीन विश्वको चर्चित विषयहरूमध्येको एक हो ।

यस शब्दावलीको प्रयोग रोमन दार्शनिक सिसेरोदेखि लिएर प्राचीन ग्रीकहरूलेसमेत गरेका थिए । तर उनीहरूले नागरिक समाजलाई राज्यभन्दा फरक अर्थमा लिएका थिएनन् । पछि आएर प्रसिद्ध दार्शनिक फ्रेडरिक हेगेलले नागरिक समाज भनेको परिवारभन्दा व्यापक र राज्यभन्दा अलग अस्तित्वमा भएको समूह हो भन्ने अर्थमा परिभाषित गरे जुन आजको नागरिक समाजको अवधारणासँग मिल्दोजुल्दो भएको मानिन्छ । यसरी नागरिक समाजको अवधारणा धेरै पुरानो भएता पनि विगत दुई दशकदेखि यसको व्याख्या, प्रयोग र भूमिकाकोबारेमा धेरै बहसहरू हुँदै आएका छन् ।

नागरिक समाज भनेको गैरराज्य तथा गैरसरकारीरूपमा तल्लो तहबाट संगठित स्वयंसेवी मानिसहरूको समूह, संगठन वा गतिविधि हो । नागरिक समाजको विकासलाई २०औं शताब्दीको महत्त्वपूर्ण उपलब्धिहरूमध्ये एक मानिएको छ । व्यापक दृष्टिकोण, बहुमुखी उद्देश्य नीति तथा कार्यक्रमका साथै बृहत्तर सम्बन्ध भएका नागरिकहरू नै यसका संगठनकर्ताका रूपमा रहेका हुन्छन् । नागरिक समाजलाई जनशक्तिको स्रोत र बहुसंख्यक जनताहरूको जमघटको थलो मानिन्छ । यो बहुसंख्यक मानिसहरूको जीवनस्तरलाई उकास्नका लागि आवश्यक पर्ने दक्षता र क्षमताको संयोजन गर्ने ठाउँ पनि हो ।

यसैगरी, नागरिक समाजको विभिन्न सामाजिक समुदायहरूकाबीच विचार विमर्श गर्ने, संगठित हुने र आ-आफ्नो विकास गर्ने सभा मञ्चसमेत प्रदान गर्दछ । नागरिकहरूका समान चाहना, मूल्य र प्रतिबद्धतालाई अभिव्यक्त गर्ने संगठित समूहको काम पनि नागरिक समाजले गर्दछ । नागरिक समाज विकासको वैकल्पिक मार्ग पनि हो । यसले जनमुखी विकासको माग राख्दछ । नागरिक समाज राज्यको विरुद्धमा होइन, यससँग मिलेर नीतिगत विषयमा ठोस निर्णय लिन सक्रिय रहन्छ । वस्तुतः नागरिक समाज आजको उपज होइन । प्राचीनकालदेखि नै यसका बारेमा चिन्तन गर्न थालिएको पाइन्छ ।

सबै राजनीतिक विचारधारा भएका दार्शनिकहरूले यसको वकालत गरेका छन् । कार्लमार्क्स, इमानुएल कान्ट र अगस्ताइनलाई उदाहरणको रूपमा लिन सकिन्छ । आधुनिक समयमा अभिताह एन्जिओनी ल्यारी डायमण्ड र माइकल बल्जरजस्ता विद्वान्हरूले यसको वकालत गरिरहेका छन् । एन्जिओनीले त नागरिक समाजलाई 'समुदायको आत्मा' सम्म मानेका छन् । साधारण अर्थमा नागरिक समाज भनेको सभ्य समाज हो । अर्थात् नागरिक समाज भनेको राज्यको चेतनशील मानव समुदाय हो, जसले आफ्नो समुदाय र देश विकासमा सहयोगीको भूमिका खेल्दछ ।

प्राचीन ग्रीस राज्यमा नगरमा बस्ने मानिसलाई नागरिक भनिन्थ्यो, जसको अर्थ चेतनशील र सभ्य भनेर लगाइन्थ्यो । वास्तवमा समाजमा बस्ने चेतनशील, सभ्य, लगनशील र उन्नतिकामी जनताको समूह नै नागरिक समाज हो, जसले आफ्नो समाज र समग्र देशकै समृद्धिका लागि निरन्तर प्रयत्न गरिरहन्छ । समाजमा रहेका विकृति विसंगति, लोकाचार, भ्रष्टाचार, सामाजिक भेदभाव, अन्याय र अत्याचारजस्ता सामाजिक रोगहरूको जरैदेखि निर्मूल पार्ने दायित्व काँधमा बोकेर संघर्षशील रहनु नागरिक समाजको विशेष ठहर्छ । तर यसका लागि नागरिक समाज सबल र सक्षमचाहिँ हुनैपर्छ नत्र वाञ्छित लक्ष्य पूरा हुन सक्दैन ।

नागरिक समाज गैरराज्य तथा गैरसरकारी तथा तल्लो तहबाट संगठित स्वयंसेवी मानिसहरूको समूह संगठन वा गतिविधि हो । फराकिलो दृष्टिकोण, उद्देश्य, नीति र कार्यक्रम तथा व्यापक सम्बन्ध भएका नागरिकहरू नै यसका संगठक हुन् । नागरिक समाज जनशक्तिको स्रोत र बहुसंख्यक जनताहरूको जमघटको थलो हो, बहुसंख्यक जनताको जीवनस्तरलाई उकास्नका लागि चाहिने दासता र क्षमताको पुनः संयोजन गर्ने उपयुक्त ठाउँ हो । विचार विमर्श गर्ने, संगठित हुने र आफ्नोपनको विकास गर्ने मञ्च हो ।

नागरिक समाजलाई विकास अभिप्रायको वैकल्पिक मार्गकारूपमा लिइन्छ । जनताहरूका समान चाहना, मूल्य प्रतिबद्धता आदिको व्यावहारिक प्रतिवादनलाई मूर्तरूप दिनका लागि समाजका विभिन्न समूहको मागलाई अभिव्यक्त गर्ने वैकल्पिक बाटोको रूपमा लिइएको छ । यो यस्तो दिशानिर्देश हो, जसमा समान उद्देश्यका लागि थुप्रै मानिसहरू आपसी सम्बन्धमा बाँधिएका हुन्छन् । सामाजिक घटनालाई सचेततापूर्वक आलोचनात्मकरूपमा हेर्ने गर्दछन् ।

नागरिक समाजहरू स्पष्टरूपमा राज्यशक्तिका विषयमा ठोस निर्णय लिन सक्ने स्थितिमा रहेका हुन्छन् । यिनीहरू राज्यशक्तिप्रति उदासीन भएका हुँदैनन्, बरु राज्यको केन्द्रीय अंगसित मिलेर समस्तरको प्रतिरोधी शक्तिका रूपमा रहेका छन् । नागरिक समाजलाई स्वतः स्फूर्तरूपमा मानिसहरू संगठित थलोका रूपमा चिनिन्छ । नागरिक समाज परिवार, व्यक्तिको निजी अवस्था, चाहना तथा जीवनदर्शनका निम्ति बनेको सम्बन्ध सूत्रको जालो हो ।

नेपालमा ऐतिहासिककालदेखि नै नागरिक समाजले राज्यशक्तिसँग मिलेर काम गर्दै आएको छ । लिच्छवी र मल्लकालीन नेपालमा नागरिक समाजको भूमिका महत्त्वपूर्ण थियो । नेपालको एकीकरणमा पनि नागरिक समाजका संगठनहरूले महत्त्वपूर्ण योगदान पुर्‍याएका थिए । राणाकालीन राजनीतिमा भने यिनीहरू फस्टाउन सकेनन् । अधिनायकवादी राज्य परम्परामा नागरिक समाजलाई पूरै दबाइएको हुन्छ । यति हुँदाहुँदै पनि प्रजातन्त्रको स्थापनामा नागरिक समाजले महत्त्वपूर्ण भूमिका खेलेको हामी पाउँछौं ।

प्रजातन्त्रको पुनर्स्थापनापश्चात् नागरिक समाजका संगठनहरू फेरि सक्रिय हुन थालेका छन् । आजभोलि नागरिक समाजका संगठनहरू प्रजातान्त्रिक वातावरण सिर्जना, मानवअधिकारको प्रत्याभूति, लैंगिक समता, वातावरण संरक्षण, सुशासन, आधारभूत आवश्यकताको पूर्ति र स्वावलम्बनमा आधारित विषयहरूमा केन्द्रित छन् ।

नागरिक समाजका परिभाषाका बारेमा विद्वानहरूमा एकरूपता पाइँदैन । नागरिक समाजको अलग-अलग स्वरूप, कार्यात्मक विविधता, क्षेत्र, तह र प्रवृत्तिले गर्दा नै यो समस्या सिर्जना भएको हो । वाल्जरका अनुसार 'नागरिक समाज भनेको करकाप नगरिएको मानवीय समुदायको स्थानको नाम हो र साथै सम्बन्धमूलक तानावानाको सेट हो जो परिवार, विश्वास स्वार्थ र विचारधाराका लागि गठित हुन्छ र जसले त्यो स्थानको पूर्ति गर्छ ।'

डायमण्डका अनुसार नागरिक समाज भनेको स्वेच्छिक, स्वपरिचालित, स्वसमर्थित, राज्यबाट स्वायत्त र कानुनी आदेश वा साझा नियमहरूद्वारा बाँधिएको एक किसिमको संगठित सामाजिक जीवन हो । यो सामान्यतया समाजभन्दा के मानेमा फरक हुन्छ भने यसले आधार, स्वार्थ, भावना र विचार अभिव्यक्त गर्न, जानकारी आदानप्रदान गर्न पारस्परिक लक्ष्य प्राप्त गर्न, राज्यसँग माग गर्न र राजकीय कर्मचारीलाई जिम्मेवार बनाउन सार्वजनिक क्षेत्रमा क्रियाशील नागरिकहरूलाई सामेल गराउँछ ।

नागरिक समाजको मुख्य कार्यहरूमा नागरिकको चासो र समस्याको विषयमा सरकारलाई राय सुझाव दिने, राज्यको नीति निर्माण एवं कार्यक्रम तर्जुमा गर्न सरकारलाई सुझाव, दबाब तथा सहकार्य गर्ने, सामाजिक समस्याहरूप्रति सचेत र सजक गराउने, नागरिक चेतना बढाउन र राज्यप्रतिको दायित्व पूरा गर्न नागरिक शिक्षा प्रदान गर्ने, सामाजिक अपराध न्यूनीकरण गर्न एकता कायम गरी संगठित हुने, उपभोक्ता हित प्रवर्द्धन गर्ने गराउने, अध्ययन तथा अनुसन्धान कार्यमा सहयोग गरी समाज परिवर्तनमा सहयोग गर्नेलगायत पर्दछन् ।

नागरिक समाजका सकारात्मक पक्षहरूमा जनताको आवश्यकताको पहिचान र परिपूर्तिमा सहयोग पुर्‍याउने, जनपरिचालनको माध्यमबाट राष्ट्र निर्माणको कार्यलाई प्रभावकारी बनाउने, सुशासनको अवधारणालाई व्यावहारिक रूप दिन सरकारलाई सुझाव र दबाब दिने, जनआकांक्षायुक्त नीति निर्माणमा दबाब सिर्जना गर्ने, समाजका कमजोर र पिछडिएका वर्गहरूको आवाजलाई बुलन्द गर्ने, सम्बन्धित पक्षलाई जनताप्रति उत्तरदायी बनाउने, राज्यको नियन्त्रण र बजार संयन्त्रको एकाधिकारबाट जनतालाई मुक्त राख्ने कार्यलाई अभियानको रूपमा उठाउनुपर्ने देखिन्छ ।

नागरिक समाजका नकारात्मक पक्षहरूमा नेपालका नागरिक समाज राजनीतिकृत हुनु, नागरिक समाज आफ्नो क्षमतालेभन्दा दाता निकायको दबाबमा काम गर्ने गरेको, सीमित व्यक्तिहरूको रुचिको आधारमा नागरिक समाज परिचालित हुनु, स्वतन्त्र र निष्पक्ष नभई पूर्वाग्रहका आधारमा परिचालित हुने, स्रोत परिचालनमा सुझाव भन्दा बढी मागमात्र राख्न उद्धत गराउने काममा सरिक हुनु, नागरिक समाजको अगुवाले व्यक्तिगत स्वार्थ पूरा भएपछि नागरिक समाजको माग ओझेल पर्ने गरेको, नागरिक समाजहरूबीचमा एउटै विषयको मागहरूमा पनि फरक फरक ढंगले प्रस्तुत हुनु, जुन उद्देश्यले स्थापना भएका थिए सो अनुरूप कार्य सञ्चालन नभएको, सम्भ्रान्त वर्गको वर्चस्व रहेको, तल्लो वर्गको हितमा कम संलग्नता, राजनीतिसँग आबद्धताः शिक्षक, प्राध्यापक संघ, कर्मचारी संघ, संगठन, राजनीति आस्थाकै आधारमा पृथक, तारे होटलमा गोष्ठी, सभा गर्ने र विदेश सयरमा रमेका, जागिर खाने, विदेशबाट सहयोग ल्याउने, समाजसेवा भएको देखाउने, तर उपलब्धि हात नपार्ने प्रवृत्ति रहेको देखिन आउँछ ।

नागरिक समाजको प्रभावकारिता ल्याउन चाल्नुपर्ने कदमहरूमा नागरिक समाज राजनीतिकृत हुन नहुने, नागरिक समाजले क्षमता बढाउने कार्यक्रम सञ्चालन गर्नुपर्ने, दाता निकायको दबाबमाभन्दा देशको आवश्यकता काम गर्नुपर्ने, स्वतन्त्र र निष्पक्ष नभई पूर्वाग्रहका आधारमा परिचालित हुनु भएन, स्रोत परिचालनमा सुझावभन्दा बढी मागमात्र नराखी जिम्मेवार हुनुपर्‍यो । नागरिक समाजको अगुवाले व्यक्तिगत स्वार्थ हेर्नु भएन, नागरिक समाज साँच्चिकै समाजका मागहरूमा केन्द्रित हुनुपर्ने देखिन्छ ।

## पाठक मञ्च

### नयाँ दर्ता रोकेर ट्याक्सीमा 'सिण्डिकेट'

जेठ १५ गते संघीय सरकारको बजेट आयो । असार १ गते बागमती प्रदेश सरकारले बजेट ल्यायो । प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेटमा साना गाडीको नयाँ दर्ता खोल्ने उल्लेख थियो । साना गाडीमा ट्याक्सी, माइक्रोबस, फो स्ट्रक, ढुवानी गाडीलगायत १४ सिटमुनिका सवारीसाधन पर्छ । पहिलो चरणमा छ हजार ट्याक्सी खोल्ने तयारी थियो ।

बजेट ल्याएको तीन महिना भयो । साउन १ गतेबाट बजेट कार्यान्वयनमा गइसकेको छ । तर, अहिलेसम्म साना गाडीको दर्ताको प्रक्रिया अगाडि बढाइएको छैन । सरकारले नयाँ दर्ता खोल्न आनाकानी गर्दा २० वर्षे पुरानो ट्याक्सी, ग्यास टेम्पो, माइक्रोबसको स्क्रयाप नम्बर प्लेट १६-१७ लाखमा खरिदबिक्री भइरहेको छ ।

एउटाले त्यतिमा बेच्छ, अर्कोले किन्छ तर राज्यको ढुकुटीमा जम्मा ५०० रूपैयाँ राजस्व जान्छ । त्यो स्क्रयाप नम्बर प्लेटमा विद्युतीय ट्याक्सी दर्ता भइरहेको छ । अटो शोरुमले दुई खालका विद्युतीय गाडी भित्र्याएका छन्, जसमध्ये एउटाको मूल्य ३८ लाख र अर्कोको ४१ हजार ५० लाख छ ।

नम्बर प्लेटसहित गर्दा ट्याक्सीको मूल्य ५५ लाख कट्न जान्छ । ट्याक्सी चालकले नम्बर प्लेटसहित जोडेर यात्रुबाट उठाउँछन् । जहाँबाट पनि आखिरमा मारमा पर्ने जनता नै बनिरहेका छन् । सरकारले नयाँ ट्याक्सीको दर्ता खोलिदिने हो भने नम्बर प्लेट सित्तैमा आउँछ । सिण्डिकेट हुँदा र नयाँ दर्ता नखुल्दा सित्तैमा आउने नम्बर प्लेटको मूल्य बढेको बढ्यै छ ।

एयरपोर्टमा २०७ वटा हरियो प्लेटका ट्याक्सी छन् । त्यहाँ २०५० सालदेखि नयाँ ट्याक्सीको दर्ता खुलेको छैन । कालो प्लेटको ट्याक्सीको दर्ता बन्द २०५७ जेठ १७ गते भयो । दर्ता बन्द हुँदा सात हजार ५०० ट्याक्सी थियो, जसमा पाँच हजार ६५० पेट्रोल र एक हजार ८५० डिजेलबाट चल्थ्यो । डिजेलबाट चल्ने ट्याक्सी एकाध वर्ष चलेर विस्थापन भइहाल्यो ।

यातायात व्यवस्था कार्यालय, एकान्तकुनाले २०५७ सालपछि ट्याक्सीको संख्या घटेको, काठमाडौं उपत्यकामा जनसंख्या बढेको, त्यसैले नयाँ ट्याक्सी चाहिएको भन्दै पाँच हजार तत्काल खुलाउन २०६९ माघमा यातायात मन्त्रालय र विभागसँग माग गर्‍यो । कार्यालयले वर्षैपिच्छे नयाँ ट्याक्सीको दर्ता खुलाउन पनि भनेको छ । २०७२ जेठ २८ गते सरकारले एक हजार ८५० नयाँ ट्याक्सीको दर्ता खोल्यो । साउन २० गतेदेखि भदौ २ गतेसम्म फाराम भर्ने अवधि तोकिएकोमा एक हजार १० रूपैयाँ राजस्व तिरेर १५ हजार ७५१ जनाले फाराम भरे ।

गोलाप्रथाबाट एक हजार ८५० जनाले ट्याक्सी पाए, अरुको मेहिनेत खेर गयो । २०७२ चैतमा भूकम्पपीडितलाई एक हजार ५०० ट्याक्सी दिने निर्णय गर्‍यो । २०७३ साउन ५ देखि भदौ ५ गतेसम्म आवेदन आह्वान गरियो । भूकम्पपीडित भएको रातो कार्डको आधारमा फाराम भर्न पाइन्थ्यो । ११० रूपैयाँ राजस्व तिरेर एक हजार ४९ हजार ५५८ जनाले फाराम बुझाए । गोलाप्रथाबाट एक हजार ५०० जनाले ट्याक्सी पाए, अरु हेरेको हेर्‍यै । यसले ट्याक्सी चलाएर खान चाहने कति छन् भन्ने पुस्टचाइँ गर्छ ।

सहज र सुलभ यातायात सेवा जनताको अधिकार हो । तर, नयाँ दर्ता नखुल्दा सर्वसाधारणले एकदमै दुःख पाएका छन् । नयाँ दर्ता नखुल्दा ट्याक्सी व्यवसायीले दादागिरी मच्चाएका थिए, निजी गाडीले लुटको धन्दा चलाएको छ । तर, सरकार नयाँ दर्ता खोल्न चासो देखाउँदैन । यो विडम्बना कहिलेसम्म सरकार ?

- **अनुसा थापा**
भक्तपुर



**मनाइयो परम्परागत मतयाः जात्रा** | ललितपुरको महालक्ष्मी नगरपालिका–६ सिद्धिपुर थसीमा आइतबार मतयाः जात्रा मनाउँदै स्थानीय नेवार समुदाय । बाजागाजासहित स्थानीय मन्दिर तथा गुम्बा परिक्रमा गरी परम्परागत परिकार चढाउनुका साथै दीप प्रज्वलन गरेर यात्रा निकालिएको थियो । तस्बिरः रासस

# बाढीप्रभावितलाई 'होल्डिङ सेन्टर'मै राहत सामग्री




■ **कुम्भराज राई र रामहरि न्यौपाने**

**नुवाकोट–** जिल्ला विपद् व्यवस्थापन समितिले भोटेकोशी बाढीबाट प्रभावितलाई 'होल्डिङ सेन्टर'मै राहत सामग्री वितरण गरेको छ । समितिमा प्राप्त राहत सामग्री एकीकृतरूपमा संकलन गरी आवश्यकताका आधारमा वितरण गरिएको हो ।

नुवाकोटमा १३ वटा होल्डिङ सेन्टर स्थापना छन् । ती होल्डिङ सेन्टरहरू विदुर नगरपालिकामा नौ वटा, किस्पाङ गाउँपालिकामा दुई वटा, सूर्यगढी गाउँपालिका र बेलकोटगढी नपामा एक-एक वटा छन् । 'बाढीप्रभावितलाई दाता तथा इच्छुकले दिन चाहेका राहत सामग्री एकद्वार प्रणालीअन्तर्गत जिल्ला विपद् व्यवस्थापन समितिमार्फत संकलन गरिरहेका छौं,' समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले भने, 'त्यसैअनुसार आवश्यकताका आधारमा ती सामग्री हामीले होल्डिङ सेन्टरमा पठाइरहेका छौं ।' संकलित सामग्री गाडी नपुग्ने स्थानमा हेलिकप्टरमार्फत पठाइएको उनले जानकारी दिए ।

बाढीपीडितलाई होल्डिङ सेन्टर सञ्चालन गरी खाना तथा बासको व्यवस्था मिलाउने कार्यमा स्थानीय तहले सहजीकरण गरिरहेको छ । 'प्रत्येक होल्डिङ सेन्टरमा हामीले स्वास्थ्य जाँच र पारिवारिक पुनर्मिलनको व्यवस्था मिलाएका छौं,' विदुर नगरपालिका प्रमुख राजन श्रेष्ठले भने, 'बाढीबाट पुगेको जनधन क्षतिका विवरण संकलनसँगै प्रदेश र संघीय सरकारसँग समन्वय गरेर काम गरिरहेका छौं ।'

राहत सामग्री संकलन तथा वितरणलाई एकद्वार प्रणाली बनाउने भनिए पनि केही दाता तथा व्यक्तिले सहज पहुँच भएका होल्डिङ सेन्टरमा पुगेर आफैं राहत सामग्री उपलब्ध गराएका छन् । जसका कारण समानुपातिकरूपमा सबै होल्डिङ सेन्टरमा राहत सामग्री पुग्न सकेको छैन । दाताहरू सीधै होल्डिङ सेन्टरमा आएर राहत सामग्री दिन थालेपछि अन्य स्थानमा पनि लैजान अनुरोध गरेको विदुर नगरपालिका-५ का वडाध्यक्ष लीलानाथ न्यौपानेले बताए । 'यहाँ तत्कालका लागि पर्याप्त राहत सामग्री उपलब्ध भइसकेको छ,' उनले भने, 'यहाँमात्र नभई अन्यत्र पनि राहत सामग्री लैजान हामीले अनुरोध गरेका छौं ।'

राहत सामग्रीमा धेरैजसो चामल, दाल, चाउचाउ, बिस्कुटजस्ता खाद्यसामग्री प्राप्त भइरहेको छ । खाद्य सामग्रीको तुलनामा लत्ताकपडा कम प्राप्त भइरहेको विपद् व्यवस्थापन समितिले जनाएको छ। नुवाकोटको सबैभन्दा बाढीप्रभावित बस्तीहरूमा विदुर नगरपालिकाको बेत्रावती, त्रिशूली, ढुंगे, सिमचौर, देवीघाट छन् । त्यसैगरी किस्पाङ गाउँपालिकाको शान्तिबजार, नयाँ पुल, मैलुङ क्षेत्रका बस्ती प्रभावित हुँदा अधिकांशले होल्डिङ सेन्टरमा आश्रय लिइरहेका छन् । बेलकोटगढी नगरपालिकाको सबैभन्दा बढी प्रभावित बस्तीमा ठूलो खोला, बुधसिहघाट, रातमाटे, कोलचौर, केउरेनी, कोल्पुटार छन् । सूर्यगढी गाउँपालिकाको कार्यालयमा सञ्चालन गरिएको होल्डिङ सेन्टरमा भने रसुवा र नुवाकोटका विभिन्न स्थानबाट बाढीबाट ज्यान जोगाइ सुरक्षित स्थान खोजी गर्दै आइपुग्नेलाई आश्रय दिइएको छ ।

### नदी पारिका क्षेत्रमा राहत वितरणमा कठिनाइ

सदरमुकाम विदुरतर्फका क्षेत्रमा राहत सामग्री वितरण सहज भए पनि नदी पारिका क्षेत्रमा वितरणमा कठिनाइ भएको छ । केही संस्थाले 'ड्रोन'मार्फत राहत सामग्री होल्डिङ सेन्टरसम्म पुर्‍याउने काम गरिरहेको छ । बाढीबाट प्रभावित नदी पारीका बस्तीहरू विदुर नगरपालिकाको वडा नं १, ३, ६, ७, ९ र १२ मा पर्छन् । वडा नं १ को त्रिशूलीबजार, ३ को खड्गभञ्ज्याङका विभिन्न बस्ती, ६ को चैनपुर आसपास, ७ को तुप्चेका बस्तीहरू, ९ को सिलटचांकीक्षेत्र र १२ को चारघरेका विभिन्न स्थान छन् ।

सदरमुकामदेखि त्रिशूली नदी पारी सात वटा होल्डिङ सेन्टर स्थापना गरिएका छन् । तर तादी र कोल्पुखोलाको पुल बगाएसँगै बेलकोटगढी-७ महादेव माध्यमिक विद्यालयमा सञ्चालित होल्डिङ सेन्टरसम्म राहत सामग्री पुर्‍याउन पनि हेलिकप्टर नै प्रयोग गर्नुपर्ने अवस्था छ ।

शनिबार जिल्ला समन्वय समितिद्वारा आयोजित सर्वपक्षीय छलफलमा स्थानीयले संघीय सरकारलाई नदी पारिका क्षेत्रमा राहत सामग्री वितरणलाई प्राथमिकता दिन आग्रह गरेका थिए । यी क्षेत्रमा वारिका पारि र पारिका वारि विद्यालय भएका बालबालिका विद्यालय जाने क्रममा बाढी आएसँगै पुल बगाएपछि चारदिनदेखि घरपरिवारसँग पुनर्मिलन हुन नसक्दा समस्या भएको अभिभावकले गुनासो गरेका छन् ।

बाढीप्रभावितलाई केन्द्रित गरी होल्डिङ सेन्टरमा स्वास्थ्य सेवासमेत उपलब्ध गराइएको छ । हाल त्रिशूली अस्पतालसँग यातायात सुविधा विच्छेद भएको अवस्थामा पीडितहरूको शारीरिक तथा मानसिक दुवै अवस्थालाई ख्याल गरी स्वास्थ्य सेवा उपलब्ध गराइएको हो ।

नुवाकोटमा हालसम्म मृत्यु तथा बेपत्ताको यकीन तथ्यांक संकलन भइसकेको छैन । जिल्लाका सरोकार भएकाहरूसँग शनिबार पहिचान नभएका शव व्यवस्थापनसम्बन्धी बैठक बसेको थियो । सो बैठकमा प्रजिअ रेग्मीले करिब ३०० हाराहारीमा शव व्यवस्थापनको आवश्यक पर्न सक्ने बताएका थिए । जिल्लामा शनिबारसम्म ८२१ जना बाढीमा परी बेपत्ता भएको निवेदन प्राप्त भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख बिपीन रेग्मीले जानकारी दिए । *रासस*

# उपल्लो मुस्ताङमा देखिएन हिमतालको जोखिम



**मुस्ताङ–** उपल्लो मुस्ताङका उच्च हिमाली क्षेत्रमा सम्भावित हिमताल तथा बाढीको जोखिमबारे स्थलगत र ड्रोनमार्फत अनुगमन सुरु गरिएको छ । हालसम्म अनुगमन गरिएका क्षेत्रमा तत्काल कुनै सम्भावित जोखिमको संकेत नदेखिएको अधिकारीहरूले बताएका छन् ।

भोटेकोशी बाढीपछि उपल्लो मुस्ताङमा पनि उच्च हिमाली क्षेत्रको विपद् जोखिम पहिचान तथा पूर्वतयारीलाई तीव्रता दिइएको हो । जिल्ला प्रशासन कार्यालय मुस्ताङको समन्वयमा सशस्त्र प्रहरी बल नेपालअन्तर्गत बिओपी नेचुङ, नेपाल प्रहरी, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) लोमान्थाङ तथा संरक्षण क्षेत्र व्यवस्थापन समितिको संयुक्त टोलीले कालीगण्डकी नदी प्रणालीका मुहान तथा उच्च पर्वतीय क्षेत्रको अनुगमन गरिरहेको छ ।

एक्याप लोमान्थाङका प्रमुख उमेश पौडेलका अनुसार पहिलो चरणमा नेपाल-चीन सीमास्थित १८ र १९ नम्बर सीमास्तम्भ नजिक कालीगण्डकी नदी प्रणालीका दुई मुहानको स्थलगत तथा ड्रोनमार्फत निरीक्षण गरिएको थियो । ती क्षेत्रमा हिमपातको अवस्था तथा सम्भावित जोखिमको मूल्यांकन गरिएको र हाल जोखिम नदेखिएको उनले जानकारी दिए ।

अनुगमनको दोस्रो चरणमा लोमान्थाङ माथिको उच्च पर्वतीय क्षेत्रमा रहेको घ्याकरछु तालको निरीक्षण गरिएको छ। समुद्र सतहबाट करिब पाँच हजार ५५० मिटरको उचाइमा रहेको उक्त क्षेत्रमा ड्रोनमार्फत गरिएको निरीक्षणका क्रममा हिमनदीका ढिस्काहरू देखिए पनि तत्काल कुनै जोखिमको संकेत नदेखिएको पौडेलले बताए ।

अब लोमान्थाङको चुमजुङमाथि रहेको छुआमा पिकको शिर तथा लोघेकर दामोदरकुण्ड-१ चराङमाथिको पर्वतीय क्षेत्रको कालीगण्डकी नदी प्रणालीको अनुगमन गर्ने योजना रहेको उनले बताए । ती क्षेत्रमा हिमताल रहेको जिपिएसबाट देखिएकाले स्थलगत निरीक्षण गर्न लागिएको उनको भनाइ छ ।

गत वर्ष लोमान्थाङको चुमजुङमाथि छुआमा पिकबाट कालीगण्डकी नदी प्रणालीमा लेदोसहितको बाढी आएपछि स्थानीय क्षेत्रमा जोखिम बढेको थियो । उच्च हिमाली क्षेत्रमा हिमताल फुट्ने, हिमपहिरो जाने वा बाढी आउन सक्ने सम्भावनालाई ध्यानमा राख्दै नदीका मुहान तथा संवेदनशील क्षेत्रको नियमित अनुगमनलाई निरन्तरता दिइने एक्यापले जनाएको छ। विपद्को सम्भावित जोखिम पहिचान, प्रारम्भिक चेतावनी तथा प्रभावकारी प्रतिकार्यका लागि उच्च हिमाली क्षेत्रमा नियमित अनुगमन र विपद् पूर्वतयारीलाई सुदृढ बनाइने भएको छ। *रासस*

# काभ्रेपलाञ्चोकका विभिन्न निकायले गरे ३६ लाख सहयोग

**काभ्रेपलाञ्चोक (प्रस)–** भोटेकोशी बाढीप्रभावितको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि काभ्रेपलाञ्चोकका विभिन्न निकायले ३६ लाख रूपैयाँ सहयोग गर्ने घोषणा गरेका छन् ।

चौंरीदेउराली गाउँपालिकाले १० लाख रूपैयाँ, रोशी गाउँपालिकाले १० लाख रूपैयाँ, नेपाली कांग्रेस काभ्रेपलाञ्चोक जिल्ला समितिले ११ लाख रूपैयाँ र बनेपास्थित अच्युतानन्द ज्योतिष आयुर्वेद औषधालयले पाँच लाख रूपैयाँ सहयोग गर्ने भएका हुन् ।

चौंरीदेउराली गाउँपालिकाले जनप्रतिनिधि, कर्मचारी तथा गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराउने निर्णय गरेको हो । रोशी गाउँपालिकाले जनप्रतिनिधिको सात दिन बराबरको सेवासुविधा तथा कर्मचारी र शिक्षकको एक दिनको पारिश्रमिकबाट नौ लाख ७० हजार ७०० रूपैयाँ तथा विपद् व्यवस्थापन कोषबाट २९ हजार २०० गरी १० लाख रूपैयाँ उक्त कोषमा जम्मा गर्ने निर्णय गरेको अध्यक्ष दिनेश लामाले जानकारी दिए ।

यसैगरी, नेपाली कांग्रेस जिल्ला समितिले नेता तथा कार्यकर्ताबाट संकलित ११ लाख रूपैयाँ पार्टीको केन्द्रीय विपद् व्यवस्थापन कोषमार्फत सम्बन्धित निकायमा पठाउने जिल्ला सभापति तीर्थ लामाले बताए । अच्युतानन्द ज्योतिष आयुर्वेद औषधालयले पनि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पाँच लाख रूपैयाँ सहयोग गरेको छ । यसैबीच, भोटेकोशी बाढीका क्रममा विभिन्न काम तथा भ्रमणका सिलसिलामा रहेका काभ्रेपलाञ्चोकका ३९ जना नागरिक सम्पर्कविहीन रहेको जिल्ला प्रशासन कार्यालय धुलिखेलले जनाएको छ । जिल्लाका ४७ जना बेपत्तामध्ये आठ जना परिवारको सम्पर्कमा आएको कार्यालयले जनाएको छ ।

# मध्यविन्दुका दुई वडाका १२ जना बेपत्ता

**नवलपुर (नवलपरासी)–** गत बुधबार भोटेकोशी नदीमा गएको बाढीका कारण नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को मध्यविन्दु नगरपालिकाका दुईवटा वडाका १२ जना नागरिक बेपत्ता भएका छन् । मध्यविन्दु नगरपालिका वडा नम्बर १ र ५ मा घर भई रसुवागढीको टिमुरेमा निर्माणाधीन तेन्जिन शेर्पा हाइड्रोपावर विल्डिङ कन्स्ट्रक्सनमा कार्यरत १२ जना भदौ १० गतेदेखि बेपत्ता भएका नगरपालिकाले जनाएको छ ।

मध्यविन्दुका नगरप्रमुख भीमलाल अधिकारीका अनुसार बेपत्ता नगरवासीको खोजी कार्य भइरहेको भए पनि हालसम्म सम्पर्क हुन सकेको छैन । मध्यविन्दु-१ का तीन जना तथा मध्यविन्दु-५ का नौ जना नगरवासी हराइरहेका उनले जानकारी दिए ।

नगरपालिकाका अन्य नागरिक हराइरहेका हुनसक्ने भन्दै पालिकाले नगरवासी आफन्तसँग जानकारी माग गरेको नगरप्रमुख अधिकारीले बताए। अधिकारीका अनुसार मध्यविन्दु-१ का हेमबहादुर चौधरी, हुसनबहादुर थारु र कालीराम महतो थारु टिमुरेबाट बेपत्ता भएका छन् । *रासस*

**मलेसियामा रोजगार** कम्पनी : LAU SENG HUAT FRUITS SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१४ | LT. No. 340413 | चलानी नं. ६०२५३८०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O | 5 | 0 | 1700 | ६४,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ भदौ २२ गते (7th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81
STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

**साउदीमा रोजगार** कम्पनी : BADRIYA MOHAMMED GHAZY AL-HARBI SWEETS COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/03 | LT. No. 345627 | चलानी नं. ६०२६०४१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laoding & Unloading Labour | 10 | 0 | 1000 | ४०,६९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ADVANCED CATERING COMPANY FOR TRADING

पूर्व स्वीकृति मिति : २०८३/०५/११ | LT. No. 347189 | चलानी नं. ६०२६०४१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver (Heavy License) | 5 | 0 | 1800 | ७३,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MASDAR AL RAEDA INDUSTRIAL COMPANY.

पूर्व स्वीकृति मिति : २०८३/०५/११ | LT. No. 347188 | चलानी नं. ६०२६०४१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Installers | 2 | 0 | 1000 | ४०,६९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ भदौ २२ गते (7th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HALESI OVERSEAS PVT LTD
Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com

**साउदीमा रोजगार** कम्पनी : SUMOU MOTORS COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/१४ | LT. No. 346833 | चलानी नं. ६०२६०४०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 3 | 0 | 1000 | ४०,६४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २२ गते (7th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९४/०७३/०७४
POWER EMPLOYMENT PVT.LTD.
Gausala-9, Kathmandu, Nepal, Tel.: 01-4583830, 4588308,
Padam Prasad Bhetwal 984-3210286, E-mail: poweremployment.np@gmail.com

**साउदीमा रोजगार** कम्पनी : ELITE POULTRY PROJECT OWNED BY MUHAMMAD ZAID ALQAHTANI

पूर्व स्वीकृति मिति : २०८२/१०/२३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/१४ | LT. No. 338657 | चलानी नं. ६०२५२०२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Poultry (Farm) Workers | 1 | 0 | 1000 | ४०,६४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BARRAK NASSER MASOUD ALDOSSARI FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०८/१७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/१४ | LT. No. 314786 | चलानी नं. ६०२२९०९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 3 | 0 | 2500 | १,०१,६०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २२ गते (7th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १९०/०५७/०५८
Nasser International Placement Services Pvt. Ltd.
Kupondole, Opposite to Kandev Temple, Kathmandu , Phone: + 977-01-4578566 | 4578866,
Anil Karki (Mobile No. 9862134075), Email: info@nasserplacement.com, Web: nasserplacement.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०९००० | प्रति तोला – ० | प्रति तोला – ४७८० |

कर्पोरेट

## भोटेकोशी विपद् प्रभावितलाई सिद्धार्थ बैंकको दुई करोड ५१ लाख सहयोग




**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक लिमिटेडले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दुई करोड ५१ लाख रूपैयाँ आर्थिक सहयोग गरेको छ । बैंकले रसुवा जिल्लाको भोटेकोशी तथा त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट प्रभावितहरूको राहत, उद्धार तथा पुनर्स्थापना कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम कोषमा जम्मा गरेको हो ।

'सामाजिक उत्तरदायित्वप्रति प्रतिबद्ध सिद्धार्थ बैंकले कठिन परिस्थितिमा प्रभावित नागरिकहरूको पीडामा साथ दिने तथा राहत कार्यलाई थप प्रभावकारी बनाउन योगदान पुऱ्याउने विश्वासका साथ उक्त रकम कोषमा उपलब्ध गराएको हो,' बैंकले आइतबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'बाढीका कारण मानवीय तथा भौतिक क्षेत्रमा ठूलो क्षति पुगेको दुःखद् परिस्थितिप्रति गहिरो संवेदना व्यक्त गर्दैछ ।' यस विपद्का कारण ज्यान गुमाउने सम्पूर्ण दिवंगत आत्माप्रति बैंकले हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेको छ । साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गरेको छ ।

## भोटेकोशी बाढी प्रभावितका लागि ५० लाख सहयोग गर्ने नाइमाको निर्णय

NAIMA Empowering Growth Through Mobility

**काठमाडौं (प्रस)–** नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) ले रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउन ५० लाख रूपैयाँ आर्थिक सहयोग गर्ने भएको छ । नाइमाकी अध्यक्ष ऋतुसिंह वैद्यले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम सहयोग गर्ने निर्णय गरिएको जानकारी दिइन् । बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै नाइमाले ज्यान गुमाउनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जली, शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ

'यस्तो कठिन समयमा सरकार र प्रभावित नागरिकलाई सहयोग गर्नु निजी क्षेत्रको पनि साझा दायित्व हो । यस विपद्मा सहयोग र सहकार्यका लागि तत्परता देखाउनुभएका हाम्रा सम्पूर्ण सदस्य कम्पनीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु,' अध्यक्ष वैद्यले भनिन् । सरकार, निजी क्षेत्र र समुदायबीचको सहकार्यले राहत तथा पुनर्स्थापनालाई प्रभावकारी बनाउन सक्ने उनको भनाइ छ । नाइमाले अटोमोबाइल तथा मोबिलिटी क्षेत्रका सम्पूर्ण सरोकारवालालाई आफ्नो क्षमता र उपलब्ध स्रोतअनुसार प्रभावित नागरिकको सहयोगमा हातेमालो गर्नसमेत आग्रह गरेको छ ।

## हिमालयन लाइफका कर्मचारीबाट आठ लाखको राहत सामग्री सहयोग



**काठमाडौं (प्रस)–** हिमालयन लाइफ इन्स्योरेन्समा कार्यरत कर्मचारीहरूले रसुवा जिल्लामा हालै आएको बाढी तथा पहिरोबाट प्रभावित नागरिकका लागि करिब आठ लाख रूपैयाँबराबरको खाद्यान्न तथा लत्ताकपडा सहयोग गरेका छन् । विपद्बाट प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउने उद्देश्यले कर्मचारीहरूबाट स्वेच्छिकरूपमा संकलन गरिएको खाद्यान्न तथा लत्ताकपडा नुवाकोटस्थित नेपाली सेनालाई हस्तान्तरण गरिएको संस्थाले जानकारी दिएको छ । उक्त राहत सामग्री नेपाली सेनामार्फत रसुवाका बाढी तथा पहिरो प्रभावित क्षेत्रमा पुऱ्याइने आइतबार प्रेस विज्ञप्तिमार्फत जानकारी दिइएको छ ।

'बाढी तथा पहिरोका कारण प्रभावित नागरिकको दैनिकी कष्टकर बनेको अवस्थामा उनीहरूलाई तत्काल सहयोग पुऱ्याउने उद्देश्यले हिमालयन लाइफका कर्मचारीहरूले आफ्नै पहलमा राहत सामग्री संकलन गरेका हुन् । विपद्को समयमा पीडित परिवारको साथमा उभिने मानवीय भावना र सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै कर्मचारीहरूले उक्त सहयोग गरेका हुन्,' विज्ञप्तिमा भनिएको छ ।

## विश्वभरका सिटी एक्सप्रेसमार्फत नेपाल पैसा पठाउँदा सेवा शुल्क नलाग्ने

City Express Money Transfer सिटी एक्सप्रेस मनि ट्रान्सफर

**काठमाडौं (प्रस)–** सिटी एक्सप्रेसमार्फत विश्वभरबाट नेपाल पैसा पढाउँदा सेवा शुल्क नलाग्ने भएको छ । हालै आएको विनाशकारी बाढी तथा पहिरोबाट प्रभावित परिवारलाई तत्काल आर्थिक सहयोग पुऱ्याउने उद्देश्यले सिटी एक्सप्रेसले विश्वका विभिन्न मुलुकबाट नेपाल पैसा पठाउँदा लाग्ने सेवा शुल्क पूर्णरूपमा मिनाहा गर्ने निर्णय गरेको हो । कम्पनीले विपद्को कठिन घडीमा विदेशमा रहेका नेपालीले आफ्ना परिवारलाई सहज, छिटो र पूर्ण रकमसहित आर्थिक सहयोग पठाउन सकून् भन्ने उद्देश्यले बाढी आएको दिनदेखि नै उक्त विशेष सुविधा ल्याएको आइतबार विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

अब खाडी मुलुकका संयुक्त अरब इमिरेट्स (युएई), साउदी अरब, कतार, कुवेत र ओमान लगायतबाट नेपाल पठाइने रेमिटचान्समा सेवा शुल्क नलाग्ने भएको छ । त्यसैगरी एसिया-प्रशान्त क्षेत्रका जापान, दक्षिण कोरिया, मलेसिया र अस्ट्रेलियाबाट पनि निःशुल्क रेमिटचान्स सेवा उपलब्ध हुने छ ।

युरोपका बेलायत, रोमानिया, पोर्चुगल, माल्टा, डेनमार्क, क्रोएसिया, स्विडेन, नर्वे, जर्मनी र फ्रान्समा रहेका नेपालीलेसमेत यो सुविधाको लाभ लिन सक्ने कम्पनीले जनाएको छ । ओसनिया क्षेत्रमा रहेको न्युजिल्याण्डबाट नेपाल पैसा पठाउँदा पनि सेवा शुल्क लाग्ने छैन । 'विश्वभर फैलिएका सिटी एक्सप्रेस तथा यसका अन्य अन्तर्राष्ट्रिय च्यानलमार्फत पनि यो निःशुल्क सुविधा लागू गरिएको छ । यसबाट धेरै मुलुकमा रहेका नेपालीले नेपालमा रहेका आफ्ना परिवार तथा बाढीपहिरो प्रभावित आफन्तलाई आर्थिक सहयोग पठाउन सहज हुने अपेक्षा गरिएको छ,' कम्पनीले भनेको छ । यो सुविधा तत्काल प्रभावकारी रूपमा लागू गरिएको कम्पनीले जनाएको छ । सिटी एक्सप्रेसले विदेशमा रहेका नेपालीलाई विपद्को यस कठिन समयमा आफ्ना परिवार र प्रभावित समुदायलाई सहयोग गर्न उक्त सेवाको अधिकतम उपयोग गर्न आग्रह गरेको छ ।

# एलपी ग्यास आपूर्तिका लागि वैकल्पिक व्यवस्था




फाइल तस्बिर

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिशूली नदीमा आएको बाढीका कारण धादिङको बेनीघाट रोराङ गाउँपालिका-७ अन्तर्गत पृथ्वी राजमार्गको कृष्णभीर सडकखण्डमा कटान भई आवागमन अवरुद्ध भएपछि नेपाल आयल निगमले काठमाडौं उपत्यका तथा आसपासका जिल्लामा एलपी ग्यास आपूर्तिका लागि वैकल्पिक व्यवस्था मिलाएको छ ।

सडक अवरुद्ध हुँदा ग्यास ढुवानीमा असुविधा हुन सक्ने भएकाले एलपी ग्यास उद्योगीहरूसँग छलफल गरी वैकल्पिक आपूर्ति व्यवस्था गरिएको निगमद्वारा आइतबार जारी विज्ञप्तिमा जनाइएको छ ।

त्यसअनुसार बारा, पर्सा, चितवन, मकवानपुर, नवलपरासी तथा अन्य जिल्लामा रहेका ग्यास उद्योगहरूले आफूलाई पायक पर्ने अन्य ग्यास उद्योगसँग समन्वय गरी आफ्ना खाली बुलेट खुलाइ सिलिण्डर रिफिल गर्ने व्यवस्था मिलाउने छन् । कृष्णभीरको बाटो नखुलेसम्म ट्रकमा एलपी ग्यासका सिलिण्डर राखी वैकल्पिक मार्गबाट काठमाडौं उपत्यका तथा आसपासका जिल्लामा आपूर्ति गरी बिक्री वितरण गर्ने व्यवस्था गरिएको निगमले जनाएको छ ।

त्यसैगरी पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको आपूर्तिका लागि टचांकर तथा ट्रकलाई स्थानीय प्रशासनसँगको समन्वयमा वैकल्पिक मार्गबाट काठमाडौंसम्म ल्याई आपूर्ति सहज बनाउने व्यवस्था गरिएको निगमले जनाएको छ । निगमले बाढी तथा सडक अवरोधका कारण पेट्रोलियम पदार्थ र एलपी ग्यासको आपूर्तिमा समस्या नहोस् भन्ने उद्देश्यले वैकल्पिक मार्गबाट आपूर्ति व्यवस्थालाई निरन्तरता दिने जनाएको छ ।

कर तिर्ने संस्कृतिको विकास गरौं

- कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
- प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रूपमा बिल बिजक लिऔं र दिऔं,
- कर छली तथा अवैध कारोबारलाई निरूत्साहित गरौं,
- डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
- करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
- पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
- करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि बनौं।

कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

'पीडामा साथ दिनु नै मानवता हो'

आउनुहोस्, भोटेकोशी बाढीप्रभावितको राहत र पुनःस्थापनाका लागि सक्दो सहयोग गरौं !

| प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष | |
|---|---|
| बैंकको नाम | बैंक खाता नम्बर |
| हिमालयन बैंक लिमिटेड ($ डलर खाता) | 01905631210046 |
| स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. | 01013243801<br>02013243801 |
| राष्ट्रिय वाणिज्य बैंक | 1130100003762001<br>1130100000006006 |
| एभरेस्ट बैंक लिमिटेड | 00100105200270<br>00101102200012 |
| नेपाल बैंक लिमिटेड | 00211600510039000003<br>00200100510039000001 |
| ग्लोबल आइएमई बैंक लि. | 00401010000057<br>00411010000005 |
| नबिल बैंक | 1710017505285 |
| कृषि विकास बैंक लि. | 0100201002907014 |
| प्रधानमन्त्री राहत कोष | |
| राष्ट्रिय वाणिज्य कोष | 1430100000025006<br>1430100001164001 |

विपद्मा राज्यसँगै हामी

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं



सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार

HARDIK IVF and Fertility Center Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण:** एक्प्रेस कलर प्रेस, **कार्यालय:** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि:** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक:** कृष्ण कार्की, **सम्पादक:** विष्णु तामाङ